# उन्नत गाई/भैंसी श्रोतकेन्द्र विकास कार्यक्रम संचालन निर्देशिका, २०७०(प्रथम संशोधन, २०७१)

*नेपाल सरकार माननीय (मन्त्रीस्तर) मिति २०७१-११-१२ को निर्णयबाट स्वीकृत*

**कृषि विकास मन्त्रालय**

फाल्गुण, २०७१

**प्रस्तावना**

देशमा बढ्दो जनसंख्या एवं शहरीकरणले गर्दा दुध तथा दुग्धजन्य पदार्थको माग बढदै गै रहेको छ। जसले गर्दा हाल दुधालु गाई/भैंसीपालन गर्न चाहने व्यवसायीहरुको संख्यामा समेत वृद्धि हुदै गै रहेको छ। यस अवस्थामा उन्नत नश्लका दुधालु गाई/भैंसीहरुको भरपर्दो श्रोतको अभावलाई दृष्टिगत गरि दुध तथा दुग्धजन्य पदार्थको मागलाई सहज आपूर्ति गर्न साझेदारीको अवधारणा अनुरुप कृषक समूह/समिति/सहकारी, रजिष्टर्ड निजी उद्यमी, कम्पनी, स्थानीय निकाय, गैर सरकारी संघ संस्थाहरुसंगको सहकार्यमा उन्नत गाई/भैंसी श्रोतकेन्द्र विकास कार्यक्रम प्रभावकारी ढंगले संचालन गर्न देहायका निर्देशिका जारी गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१. यो निर्देशिकाको नाम "**उन्नत गाई/भैंसी श्रोतकेन्द्र विकास कार्यक्रम संचालन निर्देशिका, २०७० (प्रथम संशोधन, २०७१)**" रहेको छ।

२. यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

१. "निर्देशिका" भन्नाले "गाई/भैसी श्रोतकेन्द्र विकास कार्यक्रम संचालन निर्देशिका, २०७० (प्रथम संशोधन, २०७१)" सम्झनु पर्दछ।

२. "कार्यक्रम" भन्नाले "गाई/भैसी श्रोतकेन्द्र विकास कार्यक्रम" सम्झनु पर्दछ।

३. "पकेट क्षेत्र" भन्नाले गाई/भैसी पकेट क्षेत्रलाई सम्झनु पर्दछ ।

४. "कम्पनी" भन्नाले सरकारी निकायमा पशुपालन व्यवसायको लागि विधिवत रुपमा दर्ता भएको कम्पनी सम्झनु पर्दछ।

५. "निजी उद्यमी" भन्नाले व्यक्तिगत रुपमा व्यवसायिक पशुपालनमा संलग्न कृषक तथा उद्यमी सम्झनु पर्दछ।

६. "पशु विकास कार्यदल" भन्नाले श्रोतकेन्द्र विकासको लागि क्षेत्र छनौट गर्न जिल्लास्तरीय निकायहरुको प्रतिनिधित्व हुनेगरि गठन गरिने कार्यदल सम्झनु पर्दछ।

७. "श्रोतकेन्द्र" भन्नाले गाई/भैसी श्रोतकेन्द्र सम्झनु पर्दछ।

८. "समुह/समिति/सहकारी" भन्नाले श्रोतकेन्द्रमा आवद्ध कृषक समुह/समिति/सहकारी सम्झनु पर्दछ।

९. "कोष" भन्नाले यस कार्यक्रम संचालनको लागि स्थापना गरिएको गाई/भैसी श्रोतकेन्द्र विकास कोष सम्झनु पर्दछ।

१०. "सेवा केन्द्र/उपकेन्द्र" भन्नाले कार्यक्रम संचालित क्षेत्रसंग सम्बन्धित पशु सेवा केन्द्र/उपकेन्द्र सम्झनु पर्दछ।

११. "साझेदार" भन्नाले निजी उद्यमी, कम्पनी, समूह/समिति/सहकारी, स्थानीय निकाय, गैर सरकारी संघ संस्थाहरु भन्ने सम्झनु पर्दछ।

१२. "जिल्ला स्थित पशु विकास कार्यदल" भन्नाले पशु सेवा विभागको कार्यक्रम संचालन निर्देशिका तथा नर्मस पुस्तिका अनुसार सम्बन्धित जिल्लामा गठित पशु विकास कार्यदल सम्झनु पर्दछ।

१३. "असल व्यवस्थापन विधी" भन्नाले गाई भैसीको श्रोत केन्द्रमा न्युन खर्च एवं उच्च प्रविधि अपनाई पशु एवं काम गर्ने मानिसको लागि सहज बातावरण, उचित प्रकारको आरामदायी गोठको व्यवस्था, मेसीनरी औजार, भौतिक संरचना, पशु आहारा, पशु प्रजनन, पशु स्वास्थ्य, जैविक सुरक्षा, आरोग्य व्यवस्थापन, क्षमता अभिवृद्धि, बजार व्यवस्थापन हुनु हो जसले गर्दा व्यवसायबाट अल्पकालिन र दिर्घकालिन रुपमा उचित फाईदा लिन सकियोस।

**३. उद्देश्यहरु** : यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहेका छन्

१. भौगोलिक क्षेत्र तथा हावापानी सुहाउँदो उन्नत नश्लको गाई/भैंसीपालन बाट उत्पादनशील र प्रजननयोग्य पशुहरुको उपलब्धता बढाउँदै लैजाने।

२. उन्नत पशुहरुको संख्यामा वृद्धि गरि दुधको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सहयोग पुर्‍याउने।

३. स्वच्छ दुध उत्पादनका लागि आवश्यक पर्ने विभिन्न असल व्यवस्थापन विधिहरु अवलम्वन गराउन प्रेरित गर्दै दुध उत्पादन पेशालाई व्यवसायिक पेशामा रुपान्तरण गर्न सकिने वातावरण निर्माण गर्ने।

**४. रणनीतिहरु** : दफा ३ बमोजिमको उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरु अपनाईने छन :

१. कृषक समूह, समिति र सहकारी, संघ/संस्था तथा रजिष्टर्ड निजी उद्यमी, कम्पनी, स्थानिय निकाय, गैह्र सरकारी संघ, संस्थाहरु मार्फत साझेदारीमा व्यवसायिक उन्नत गाई, भैंसी, बाच्छाबाच्छी, पाडापाडी पालन गरी गाई/भैंसीको श्रोत केन्द्र स्थापना गरिने छ।

२. बृहत तथा व्यवसायिक रुपमा श्रोत केन्द्र कार्यक्रम सन्चालन गरि श्रोत केन्द्रको विकास र विस्तार गर्न आसपासका अन्य कृषक समुह/समिति/सहकारी तथा तथा नीजि उद्यमी, कम्पनी, स्थानिय निकाय, गैह्र सरकारी संघ, संस्थाहरुलाई पनि यस कार्यक्रमले समेट्दै लैजाने । यसरी श्रोत केन्द्र सन्चालन गर्दा प्रति श्रोत केन्द्र कम्तिमा १०० गोटा माउँ गाई वा ५० गोटा माउँ भैंसीको संख्या भएको हुनु पर्ने व्यवस्था गरिने छ ।

३. श्रोत केन्द्र स्थापनार्थ भौतिक संरचना निर्माण, सुधार तथा मेशिनरी औजार उपकरण खरीद जस्ता कार्यमा अनुदान दिन "उन्नत गाई/भैंसी श्रोतकेन्द्र विकास कोष" को व्यवस्था गरिने छ ।

४. जिल्ला पशु सेवा कार्यालय लगायतका अन्य विभिन्न सरोकारवालाहरुको संलग्नतामा असल व्यवस्थापन विधि अवलम्बन गराई श्रोत केन्द्र स्थापना भएको बढिमा ५ बर्षसम्ममा श्रोतकेन्द्रलाई आत्मनिर्भर बनाउन सहयोग गरिने छ ।

५. श्रोत केन्द्र सन्चालनको लागि आवश्यक ऋण तथा पशु बिमा सेवाको लागि सरोकारवाला निकायहरुसँग समन्वय गराई सहजिकरण गरिने छ ।

६. दुधालु गाई भैसी बंस सुधार कार्यक्रम (DCBGIP) सन्चालन भै रहेको क्षेत्रहरुलाई यस कार्यक्रममा प्राथमिकताको साथ आवद्ध गर्दै लगिनेछ र उत्पादन क्षमताको आधारमा पशुहरुको छनौट गरी बंश सुधार गर्दै लगिनेछ ।

७. उन्नत पशु छनौट सम्बन्धी मापदण्डको लागि यस कार्यक्रमलाई दुधालु गाई/भैसी वंश सुधार कार्यक्रमसँग आवद्ध गराइने छ । यस अन्तर्गत श्रोत केन्द्रमा भएका पशुहरुको **अनुसूची-८ (क) र (ख)** अनुसार विवरण (Herd Book) तयार गरि अध्यावधिक गरिने छ ।

८. उन्नत गाई/भैंसीको माग तथा आपूर्ति अवस्थाको अध्यावधिक गरि व्यवस्थापन गरिने छ ।

९. कार्यक्रम कार्यान्वयनको सूनिश्चिताको लागि सरोकारवालाको संलग्नतामा अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गरिने छ ।

## परिच्छेद २

## कार्यक्रम सम्बन्धी

५. <u>**कार्यक्रमको अबधि :**</u>

१. यो कार्यक्रमको अवधि बढिमा ५ बर्षको हुनेछ । सो अवधि पश्चात कार्यक्रम संचालनको लागि श्रोत केन्द्र आत्मनिर्भर हुने परिकल्पना गरिएको छ ।

२. सफलताको आधारमा श्रोतकेन्द्र आसपासका क्षेत्रहरुमा कार्यक्रमको थप विस्तार गरिने छ ।

६. <u>**श्रोत केन्द्र छनौटका आधारहरु**</u> : दफा ५ को प्रयोजनको लागि श्रोत केन्द्र छनौटको लागि देहाय वमोजिमका आधारहरु तय गरिएको छ :

१. प्रत्येक विकास क्षेत्रमा कम्तिमा एक श्रोत केन्द्र स्थापना हुनु पर्ने ।
२. श्रोत केन्द्रमा कम्तिमा १०० माउ गाई वा ५० माउ भैंसी भएको हुनुपर्ने ।
३. दुधालु गाई भैसी बंस सुधार कार्यक्रम सन्चालन भै रहेको क्षेत्रहरुलाई प्राथमिकता दिईने ।
४. श्रोत केन्द्र रहने स्थानमा सडक, संचार, सिंचाई, पिउने पानी र विजुली जस्ता भौतिक पूर्वाधारहरुको सुविधा भएको ।
५. व्यवसायिक रुपमा गाई/भैसीका फार्म संचालन भैरहेका तथा विस्तारको लागि प्रचुर सम्भावना भएका पकेट क्षेत्रहरु ।
६. बाह्रै महिना हरियो घाँसपात उपलब्ध हुन सक्ने स्थान ।
७. कृषकहरुको कार्यक्रम प्रति चाहना भएको ।

७. <u>**कार्यक्रम संचालनका लागि साझेदार छनौट :**</u>

१. पशु उत्पादन निर्देशनालयले दफा ६ बमोजिम गाई/भैसीको श्रोत केन्द्र स्थापनाको लागि पाँच वटै विकास क्षेत्र समेट्ने गरी जिल्लाहरुको छनौट गर्नेछ ।
२. जिल्ला पशु सेवा कार्यालयले श्रोत केन्द्र स्थापनाको लागि **अनुसूची-१** बमोजिमको प्रस्ताव आह्वान गर्नेछ ।
३. कार्यक्रममा सहभागि हुन ईच्छुक संस्थाहरुले **अनुसूची-३** अनुसारको संक्षिप्त कार्ययोजना बनाई सम्बन्धित जिल्ला पशु सेवा कार्यालयमा **अनूसुची-२** अनुसारको निवेदन दर्ता गर्नु पर्नेछ ।
४. जिल्ला स्थित पशु विकास कार्यदलले प्राप्त प्रस्ताव तथा कार्यक्रम सन्चालनको लागि प्रारम्भिक सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा **अनुसूची-४** बमोजिम मूल्याङ्कन गरि साझेदारको छनौट गर्नेछ ।
५. जिल्ला पशु सेवा कार्यालय र छनौट भएका साझेदार संस्था बिच **अनूसुची-५**अनुसार सम्झौता गरी कार्यक्रम सन्चालन गरीनेछ ।

८. **उन्नत गाई/भैसी श्रोत केन्द्र संचालक समिति :**

१. स्थानियस्तरमा कार्यक्रम संचालन, अनुगमन, समन्वय, सुझाव तथा सहयोग र नियन्त्रण गर्न तथा कोष परिचालन गर्न देहाय अनुसारको ७ सदस्यीय संचालक समिति रहने छ ।

| | |
|---|---|
| (क) प्रतिनिधी, साझेदार निकाय | अध्यक्ष |
| (ख) समितिले तोकेको (बढीमा ३ जना) | सदस्य |
| (ग) प्रतिनिधी, स्थानिय निकाय | सदस्य |

(घ) प्रतिनिधी, जिल्ला पशुसेवा कार्यालय — सदस्य

(ङ) प्रमुख, संवन्धित पशु सेवा/उपकेन्द्र — सदस्य सचिव

२. उपदफा १ बमोजिम गठित उन्नत गाई/भैसी श्रोत केन्द्र संचालक समितिको काम, कर्तव्य तथा अधिकारः

(क) पशुपालन श्रोत केन्द्र सञ्चालन गर्न**अनुसूची-५**बमोजिम सम्झौता गर्ने ।

(ख) सम्झौता अनुसार श्रोतकेन्द्र स्थापना गरी सेवा संचालन गर्ने गराउने ।

(ग) स्थानीय निकायहरु संग समन्वय गरी उन्नत गाई/भैसी श्रोत केन्द्र विकास कोषमा आर्थिक सहयोग जुटाउन पहल गर्ने ।

(घ) श्रोत केन्द्रमा रहेका गाई/भैसीहरुको बिमाको लागि पहल गर्ने गराउने ।

(ङ) जिल्ला पशु सेवा कार्यालय/पशु सेवा केन्द्र/उपकेन्द्र/सम्वन्धित निकायले दिएका सुझावहरु कार्यान्वयन गर्ने गराउने ।

(च) आवस्यकता अनुसार सेवा प्रदान गरिएका सम्पूर्ण अभिलेख व्यवस्थापन गर्ने ।

(छ) आवश्यकता अनुसार सहजकर्ता नियूक्ति गर्ने र निजलाई सेवा वापतको पारिश्रमिक निर्धारण गर्ने ।

(ज) वित्तिय तथा कार्य प्रगति नियमित रुपमा जिल्ला पशु सेवा कार्यालयमा पठाउने ।

(झ) साझेदार संस्थाबाट सन्चालित यस कार्यक्रम बारे हरेक वर्ष सार्वजनिक सुनुवाई गर्ने तथा गर्न लगाउने ।

३. निजी उद्यमीको हकमा सञ्चालक समित आवश्यक हुने छैन । सो केन्द्रको अनुगमन जिल्ला पशु सेवा कार्यालय वा केन्द्रीय निकायबाट हुनुपर्नेछ ।

९. **<u>केन्द्रीय पशु श्रोत केन्द्र विकास समन्वय समितिः</u>**

१. कार्यक्रमको नीतिगत व्यवस्था गर्न देहाय वमोजिमको पदाधिकारी रहेको केन्द्रीय पशु श्रोतकेन्द्र विकास समन्वय समिति रहनेछ :

| | | |
|---|---|---|
| (क) | महानिर्देशक, पशु सेवा विभाग | संयोजक |
| (ख) | कार्यक्रम निर्देशक, पशु उत्पादन निर्देशनालय | सह-संयोजक |
| (ग) | निर्देशक, लाईभस्टक एण्ड फिसेरिज, नेपाल कृषि अनुसन्धान परिषद | सदस्य |
| (घ) | कार्यक्रम निर्देशक, पशु स्वास्थ्य निर्देशनालय | सदस्य |
| (ङ) | कार्यक्रम निर्देशक, पशुपंक्षी वजार प्रवर्द्धन निर्देशनालय | सदस्य |
| (च) | कार्यक्रम निर्देशक, पशुसेवा तालिम तथा प्रसार निर्देशनालय | सदस्य |
| (छ) | अधिकृत प्रतिनिधी, कृषि विकास मन्त्रालय | सदस्य |
| (ज) | अधिकृत प्रतिनिधी, अनुगमन तथा मुल्यांकन शाखा, पशु सेवा विभाग | सदस्य |
| (झ) | अधिकृत प्रतिनिधी, राष्ट्रिय दुग्ध विकास बोर्ड | सदस्य |
| (ञ) | अधिकृत प्रतिनिधी, दुग्ध विकास संस्थान | सदस्य |
| (ट) | प्रमुख, केन्द्रीय गाई/भैसी प्रवर्द्धन कार्यालय | सदस्य-सचिव |

२. उपदफा (१) वमोजिमको समितिको वैठक आवश्यकतानुसार वस्नेछ ।

३. उपदफा (२) वमोजिम समितिको वैठकमा सम्वन्धित विज्ञ र कृषकलाई आमन्त्रण गर्न सकिनेछ ।

१०. **<u>समितिको काम, कर्तव्य तथा अधिकारः</u>** समितिको काम, कर्तव्य तथा अधिकार देहाय वमोजिम रहनेछ :

१. कार्यक्रमलाई सफल पार्न विभिन्न निकायहरुसंग समन्वय गरी सेवा प्रवाहमा सहजता प्रदान गर्ने ।

२. आवश्यकता अनुसार कार्यक्रमको समिक्षा गरी पृष्ठपोषण दिने ।

## परिच्छेद ३

## सेवा संचालन सम्बन्धी

११. **<u>सेवा संचालन प्रकृया</u>** : यस कार्यक्रम सञ्चालन गर्ने प्रकृया देहाय वमोजिम हुनेछ :

१. जिल्ला पशु सेवा कार्यालयले केन्द्र स्थापनाको लागि**अनुसूची-१**बमोजिमको प्रस्ताव आह्वान गर्नेछ ।

२. कार्यक्रममा सहभागि हुन ईच्छुक संस्थाहरुले **अनुसूची-३** अनुसारको संक्षिप्त कार्ययोजना बनाई सम्बन्धित जिल्ला पशु सेवा कार्यालयमा **अनूसुची-२** अनुसारको निवेदन दर्ता गर्नु पर्नेछ ।

३. जिल्ला पशु सेवा कार्यालयले दर्ता भएका प्रस्तावहरुको स्थलगत निरीक्षण गरी प्रारम्भिक पशुपालन सर्वेक्षण प्रतिवेदन सहित जिल्ला स्थित पशु विकास कार्यदलमा स्वीकृतिको लागि पेश गर्ने छ ।

४. जिल्ला स्थित पशु विकास कार्यदलले प्राप्त प्रस्ताव तथा कार्यक्रम सन्चालनको लागि प्रारम्भिक पशुपालन सर्वेक्षण प्रतिवेदनको आधारमा**अनुसूची-४**बमोजिम मूल्याङ्कन गरि साझेदारको छनौट गर्नेछ ।

५. जिल्ला पशु सेवा कार्यालय र छनौट भएका साझेदार संस्था बिच **अनूसुची-५** अनुसार सम्झौता गरी कार्यक्रम सन्चालन गरीनेछ ।

६. बृहत तथा व्यवसायिक रुपमा श्रोत केन्द्र कार्यक्रम सन्चालन, विकास र विस्तार गर्न आसपासका अन्य कृषक समुह/समिति/सहकारी/नीजि उद्यमी/कम्पनीहरुलाई पनि यस कार्यक्रमले समेट्दै लैजाने ।

७. साझेदारले हरेक वर्ष आफ्नो श्रोत केन्द्रमा रहेका समस्याहरुको पहिचान गरी प्राथमिकताको आधारमा आवश्यक पर्ने कार्यक्रम तथा बजेटहरु तर्जुमा गरी जिल्ला पशु पशु सेवा कार्यालयमा प्रस्ताव स्वीकृतिको लागि पेस गर्ने ।

८. जिल्ला पशु सेवा कार्यालयले साझेदारबाट पेस भएको प्रस्तावित कार्यक्रम तथा बजेट जिल्ला पशु विकास कार्यदलको बैठकबाट अन्तिम रुप दिई विनियोजित अनुदान रकमको आधारमा कार्यक्रम स्वीकृत गर्ने ।

९. स्वीकृत कार्यक्रम सन्चालनको लागि प्राप्त अनुदान रकमको २५ प्रतिशत साझेदारले कोषमा दाखिला गरे पश्चात जिल्ला पशु सेवा कार्यालयले ७५ प्रतिशत बराबरको रकम अनुदान स्वरुप कोषमा जम्मा गरी दिनेछ । जस अनुसार प्रति श्रोत केन्द्र पहिलो वर्ष बढिमा रु. ६ लाख, दोश्रो वर्ष बढिमा रु. १५ लाख र तेश्रो वर्ष बढिमा रु. ४ लाखका दरले एकमुष्ठ कोषमा जम्मा गरि दिनेछ ।

१०. साझेदारले श्रोत केन्द्रको वित्तिय तथा भौतिक प्रगति हरेक महिना पशु सेवा केन्द्र/उपकेन्द्र मार्फत जिल्ला पशु सेवा कार्यालयमा पठाउनु पर्नेछ ।

११. श्रोत केन्द्रमा भएका राम्रो गुणस्तर तथा उत्पादन क्षमता भएका स्वस्थ पशुहरु छनौट र ट्यागिङ्ग गरी अभिलेख राख्नेछ ।

१२. श्रोत केन्द्रका भएका गाई भैंसीहरुको प्राविधिक सूचक **अनुसूचि-११** बमोजिम हुनुपर्नेछ ।

१३. श्रोतकेन्दका कृषकहरुलाई गाई भैंसी पालन सम्बन्धि क्षमता अभिवृद्धीको लागि तालिम कार्यक्रम संचालन गरिने छ ।

१४. श्रोत केन्द्रमा पशुको गोठ निर्माण गर्दा **अनुसूची-१०** अनुसार र हावापानी सुहाउदो, बैज्ञानिक, सफा र हावादार हुनु पर्नेछ ।

१५. जिल्ला पशु सेवा कार्यालयले श्रोत केन्द्रमा भएका पशुहरुमा असल व्यवस्थापन विधी अनुरुप पशु स्वास्थ्य सेवा जस्तैः टिट डिपिङ्ग, परजीवी नियन्त्रण, खोप आदि प्रदान गर्नुपर्नेछ । र सो को सम्पुर्ण विवरण दुरुस्त राख्नु पर्नेछ ।

१६. श्रोत केन्द्रमा मौसम र आवश्यकता अनुसार हिउँदे, बर्षे, वहुवर्षेघाँस तथा डाँले घाँस लगाएको हुनु पर्ने छ ।

१२. **उन्नत गाई/भैंसी श्रोतकेन्द्र विकास कोष संचालनः** उन्नत गाई/भैंसी श्रोत केन्द्रहरुको दिगो संचालनको लागि प्रत्येक केन्द्रमा "उन्नत गाई/भैंसी श्रोतकेन्द्र विकास कोष" नामको एक कोषको स्थापना गरिने छ । सो कोषमा देहाय वमोजिमको रकम जम्मा हुनेछ :

१. बार्षिक बजेट र स्वीकृत कार्यक्रमको आधारमा नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम

२. बैदेशिक दातृ निकायहरुबाट प्राप्त हुने रकम प्राप्त गर्दा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

३. विदेशी, सरकारी तथा गैह्र सरकारी दातृ निकायहरुबाट प्राप्त हुने रकम

४. दुग्ध उत्पादक सहकारी संस्था, वन उपभोक्ता समुह, स्थानीय निकाय, सरोकारवाला तथा अन्य संघ/संस्थाहरुबाट प्राप्त गर्ने रकम

५. सम्बन्धित पशुपालन श्रोत केन्द्रका समुह, समिति, सहकारी, ब्रीडर एशोसिएशनका सदस्यहरु/उपभोक्ता कृषक समूह/समिति बाट संकलन हुने रकम

६. कोषको लागि अन्य निकायहरुबाट प्राप्त हुने रकम

७. कोषको रकमबाट आम्दानी भएको व्याज रकम

८. अन्य सम्भावित आम्दानीका श्रोतहरु

१३. **कोष सञ्चालन :** दफा १२ बमोजिम स्थापना भएको कोषको सन्चालन विधि देहाय अनुसार हुनेछ :

१. दफा १२ वमोजिम कोषमा जम्मा हुन आएको रकम परिचालनको लागि दफा ८ बमोजिम गठित संचालक समितिकाअध्यक्ष र सदस्य सचिवको संयुक्त हस्ताक्षरबाट सन्चालन हुने गरी नजिकको बैंङ्कमा खाता खोल्नु पर्नेछ ।

२. कोषको रकम सम्वन्धित साझेदार निकायले जिल्ला स्थित पशु सेवा कार्यदलबाट स्वीकृति भएको कार्यक्रम बमोजिम खर्च गरिनेछ ।

३. कोषको मासिक अवस्थाको विवरण सम्बन्धित पशु सेवा कार्यालयमा महिना बितेको ७ दिन भित्र पेस गर्नु पर्ने

१४. **कोषको लेखा परिक्षणः** केन्द्रहरुमा स्थापना तथा सञ्चालन भएको कोषको लेखा परिक्षण प्रचलित कानून वमोजिम गराउनु पर्नेछ र सो को प्रतिवेदन सम्वन्धित जिल्ला पशुसेवा कार्यालयमा पेश गर्नुपर्नेछ ।

१५. **अनुगमन तथा पृष्ठपोषण :** कार्यक्रमको सञ्चालन एवं प्रभावकारीताको लागि कृषि विकास मन्त्रालय, पशु सेवा विभाग लगायत विभिन्न सरोकारवाला निकायहरुले सेवा सञ्चालनको अनुगमन गरी **अनुसूची-६** बमोजिम सो को पृष्ठपोषण पशु उत्पादन निर्देशनालयमा दिने छ ।

१६. **कार्यक्रममा संलग्न निकायहरुको भूमिका :** कार्यक्रम सञ्चालनको क्रममा संलग्न विभिन्न निकायहरुको भूमिका तथा दायित्व **अनुसुचि-९** मा उल्लेख गरिए वमोजिम हुनेछ र त्यस्तो दायित्व पूरा गर्नु सम्वन्धित सवैको कर्तव्य हुनेछ ।

**अनूसुची १**

(दफा-७.२ र ११.१ संग सम्बन्धित)

**सूचना**

यस कार्यालयको आ.व.२०...../...... को वार्षिक स्विकृत कार्यक्रम अनुसार उन्नत नश्लका दुधालु गाई/भैसीहरुको भरपर्दो श्रोतको अभावलाई दृष्टिगत गरि दुध तथा दुग्धजन्य पदार्थको मागलाई सहज आपूर्ति गर्न साझेदारीको अवधारणा अनुरुप निजी उद्यमी, कम्पनी, समूह/समिति/सहकारी, स्थानीय निकाय, गैर सरकारी संघ संस्थाहरुसंगको सहकार्यमा उन्नत गाई/भैसी श्रोतकेन्द्र विकास कार्यक्रम प्रभावकारी ढंगले संचालन गर्न साझेदारीको अवधारणा अनुरुप निजी उद्यमी, कम्पनी, समूह/समिति/सहकारी, स्थानीय निकाय, गैर सरकारी संघ संस्थाहरुसंगको सहकार्यमा उन्नत गाई/भैंसी श्रोतकेन्द्र विकास कार्यक्रम प्रभावकारी ढंगले संचालन गर्नको लागि ......... जिल्लामा वसोवास गरेका निजी उद्यमी, कम्पनी, समूह/समिति/सहकारी, स्थानीय निकाय, गैर सरकारी संघ संस्थाहरुबाट प्रस्ताव आव्हनको लागि यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक निजी उद्यमी, कम्पनी, समूह/समिति/सहकारी, स्थानीय निकाय, गैर सरकारी संघ संस्थाहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारम र परियोजना प्रस्ताव यस कार्यालयमा पेश गर्नु होला । यस कार्यालयबाट सन्चालन भएका अन्य कार्यक्रमहरुबाट गत ३ वर्ष भित्र रु. २ लाख सम्मको सहयोग लिई कार्यक्रम गरेका संस्थाहरु छनौटको प्रक्रियामा समावेस हुने छैनन् । विस्तृत जानकारिका लागि सम्वन्धित जिल्ला पशु सेवा कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

१. **अनूसूची-२** अनुसारको आवेदन फारम

२. **अनूसूची-३** अनुसारको संक्षिप्त कार्ययोजना

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

४. संस्थासंग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, आदि) का प्रमाणित प्रतिलिपीहरु

५. निजी उद्यमी/कम्पनी/समूह/समिति/सहकारी/स्थानीय निकाय/गैर सरकारी संघ/संस्था सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि

६. कार्यक्रमको लागि छनौट भएमा निजी उद्यमी/कम्पनी/समूह/समिति/सहकारी/स्थानीय निकाय/गैर सरकारी संघ/संस्थाका सदस्यहरुबाट कार्यान्वयन गर्ने प्रतिवद्धताको निर्णयको प्रतिलिपि

**अनूसुची २**

(दफा-७.३ र ११.२ संग सम्बन्धित)

**उन्नत गाई/भैसी श्रोत केन्द्र सन्चालनको लागि दिईने आवेदन-पत्रको फारम**

श्रीमान प्रमुख ज्यू,
जिल्ला पशु सेवा कार्यालय,
.......................

विषय : <u>उन्नत गाई/भैसी श्रोत केन्द्र सन्चालनको लागि छनौट हुन पाउँ भन्ने बारे</u> ।

महोदय,

त्यस कार्यालयको मिति ............................ को ................................पत्रिकामा प्रकाशित सूचना अनुसार ................................................................ निजी उद्यमी/कम्पनी/समूह/समिति/सहकारी/स्थानीय निकाय/गैर निजी उद्यमी/कम्पनी/समूह/समिति/सहकारी/स्थानीय निकाय/गैर सरकारी संघ/संस्थाकाको तर्फवाट सम्भाव्यताको आधारमा कम्तिमा १०० गोटा उन्नत नश्लका दुधालु गाई/५० गोटा उन्नत नश्लका दुधालु भैसीहरुको श्रोत केन्द्र स्थापना गरी कार्यक्रम सन्चालन गर्न र यस केन्द्रमा उत्पादित बाच्छा बाच्छी/पाडापाडीहरु हुर्काई कार्यक्रम सन्चालन भएको दोश्रो वर्ष देखि नै अन्य व्यवसायीक गाई/भैसी पालक कृषकहरुलाई प्रति वर्ष कम्तिमा १०० गोटा दुधालु गाई/५० गोटा दुधालु भैसीहरु उपलब्ध गराई गाई/भैसी व्यवसायको क्षेत्रमा टेवा पुऱ्याउने तिब्र ईच्छा भएकोले तपसिल अनुसारका कागजात राखी यो निवेदन पेश गरेका छौ । उक्त कार्यक्रम प्राप्त भएमा यस सम्बन्धी सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम सन्चालन गर्नेछौं र यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा विद्यमान कानुन बमोजिम कार्यवाहीको भागेदारी हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछौं ।

पुनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

**<u>तपसिल</u>**

१. **अनूसूची-३** अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३. निजी उद्यमी/कम्पनी/समूह/समिति/सहकारी/स्थानीय निकाय/गैर सरकारी संघ/संस्था सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि
४. संस्थासंग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, आदि) का प्रमाणित प्रतिलिपीहरु
५. संस्थाको तर्फबाट कार्यक्रम सन्चालन सन्चालन सम्बन्धी भएको निर्णयको प्रतिलिपि
६. निजी उद्यमी/कम्पनी/समूह/समिति/सहकारी/स्थानीय निकाय/गैर सरकारी संघ/संस्थाका सदस्यहरुबाट कार्यान्वियन गर्ने प्रतिवद्धताको निर्णयको प्रतिलिपि

<u>निवेदन दिने संस्थाको तर्फबाट दिने</u>
संस्थाको प्रमुखको नाम :
सस्था प्रमुखको दस्तखत :
संस्था प्रमुखको पद :
संस्थाको ठेगाना :
मिति :
संस्थाको छाप :

## अनूसुची ३

(दफा-७.३ र ११.२ संग सम्बन्धित)

**उन्नत गाई/भैसी श्रोत केन्द्र कार्यक्रम सन्चालनको लागि संक्षिप्त कार्ययोजना**

संस्थाको नाम :                                                  संस्थाको सम्पर्क टेलिफोन नम्वर:

संस्थाको ठेगाना: जिल्ला :                 गा.वि.स.  :                 वडा नं. :गाउं/टोलको नाम :

श्रोत केन्द्र र कार्यालय राख्ने स्थान:-

सम्बन्धित पकेट क्षेत्रमा भएको गाई/भैसीको तथ्यांङ्क:

| सि.नं. | कृषकको नाम थर | ठेगाना | भैंसी संख्या | | | गाई संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थानिय | उन्नत | जम्मा भैसी संख्या | स्थानिय | उन्नत | जम्मा गाई संख्या | |
| | | | | | | | | | |
| | | | | | | | | | |

संस्थादर्ता को प्रमाण-पत्र नं. र संस्था दर्ता गर्ने कार्यालयको नाम ठेगाना :

संस्थाले हाल सम्म गरेका उल्लेखनिय कामहरु : ..........................................................................................

..........................................................................................................................................

..................................................

उन्नत गाई/भैसी श्रोतकेन्द्र विकास कोषको खाता संचालन गरिने बैंकको नाम र खातावालाहरुको नाम:-

**कार्य योजनाको प्रस्तावना :**

..........................................................................................................................................................

..........................................................................................................................

**फार्मको उद्देश्यहरु:**

(क) ............

(ख) ..............

**फार्म लक्ष्य:**

(क) ...............

(ख) ..............

**रकमको आवश्यकता:**

| ..... वटा उन्नत जातको गाई/भैसी लागि पहिलो वर्ष खर्च हुने शुरुको रकम | | | |
|---|---|---|---|
| पुँजिगत खर्च रु. | चालु खर्च रु. | जम्मा खर्च रु. | कैफियत |
| | | | |

**फार्म सम्बन्धी विश्लेषणका परिकल्पनाहरु (Assumptions)**

**क ) प्राविधिक उत्पादन परिकल्पनाहरु**

१. गई/भैसीको जात :

२. उन्नत गाई/भैसीको शारीरिक तौल - ..........केजी

३. प्रति गाई/भैसी सरदर दैनिक दुध उत्पादन - ....... लिटर

४. मृत्यु दर:-

क) बाच्छाबाच्छी/पाडापाडी - ...... प्रतिशत

ख) माउँ - २ प्रतिशत

५. आहारा (शारीरिक तौलको २.५ प्रतिशत सुख्खा पदार्थको हिसाव अनुसार)

क) दाना खर्च प्रति व्याउने गाई/ भैसीको लागि प्रति दिन :- .... केजी

ख) दाना खर्च प्रति दुहुना गाई/ भैसीको लागि प्रति दिन :- .... केजी

ग) दाना खर्च प्रति कोरली बाच्छी तथा बहर/कोरली पाडी तथा पाडाको लागि प्रति दिन :- .... केजी

घ) पराल खर्च प्रति व्याउने गाई/ भैसीको लागि प्रति दिन :- .... केजी

ङ) पराल खर्च प्रति दुहुना गाई/ भैसीको लागि प्रति दिन :- .... केजी

च)  पराल खर्च प्रति कोरली बाच्छी तथा बहर/कोरली पाडी तथा पाडाको लागि प्रति दिन :-  .... केजी
छ)  हरियो घाँस खर्च प्रति व्याउने गाई/ भैसीको लागि प्रति दिन :-  .... केजी
ज)  हरियो घाँस खर्च प्रति दुहुना गाई/ भैसीको लागि प्रति दिन :-  .... केजी
झ)  हरियो घाँस खर्च प्रति कोरली बाच्छी तथा बहर/कोरली पाडी तथा पाडाको लागि प्रति दिन :-  .... केजी
ञ)  मिनरल मिक्स्चर खर्च प्रति व्याउने गाई/ भैसीको लागि प्रति दिन :-  .... केजी
ज)  मिनरल मिक्स्चर खर्च प्रति दुहुना गाई/ भैसीको लागि प्रति दिन :-  .... केजी
झ)  मिनरल मिक्स्चर खर्च प्रति कोरली बाच्छी तथा बहर/कोरली पाडी तथा पाडाको लागि प्रति दिन :-  .... केजी

६.  घाँस खेति गर्न प्रति पशुको लागि आवश्यक जमिन : .......... कट्ठा/रोपनि
७.  गोबर मल उत्पादन : ......... टन
८.  प्रति पशुको लागि आवश्यक गोठको क्षेत्रफल : ..... वर्ग फिट

**ख) वित्तिय परिकल्पनाहरु**

१.  जग्गा भाडामा लिदा प्रति रोपनि प्रति वर्षः रु .........../-
२.  प्रति वर्ग फिटगोठ निर्माण खर्च - रु. ........./-
३.  प्रति उन्नत गाई/भैसी खरीद मूल्य दर - रु. ................/-
५.  आहाराको मुल्य :-   क) दाना - रु. ......../- प्रति केजी   ख) पराल - रु. ....../- प्रति केजी
ग) घाँस - रु. ......./- प्रति केजी
६.  गोबर मल बिक्रि दर प्रति केजी - रु. ...../-
७.  कृत्रिम गर्भाधान खर्च प्रति पशु - रु. ........../-
८.  पहिलो वर्ष लगानी भएको पूँजीगत र चालु खर्चको ऋणको व्याजदर : ...... प्रतिशत प्रतिबर्ष
९.  दोश्रो वर्षदेखि हुने चालु खर्च फार्मको उत्पादनको विक्रीबाट गरिने ।
१०.  उन्नत गाई/भैसी श्रोत केन्द्रको लागि निर्मित गोठ, स्टोर मलखातको आयु ...... वर्ष र मेसिनरी उपकरण, पानि वितरण प्रणाली तथा फार्मको विविध उपकरणहरुको ........ वर्षको आयु हुने हुँदा सोही अनुसार यस परियोजनामा मुल्यह्रास (Depreciation Cost) समावेश गरिनेछ ।
१४.  औषधि, खनीज तथा भ्याक्सिनको लागि प्रति पशु रु. ........../- खर्च हुने ।
१५.  १ जना कामदारबाट .... गोटा पशुको हेरचाह गर्न सकिने प्रति कामदार प्रति महिना रु. ........../-
१६.  उन्नत गाई/भैसी दुहुना भए पछि बिक्रि गरिने मुल्य प्रति दुहुना भैसी रु. ................/-
१७.  फार्ममा संरक्षण गरिने जम्मा उन्नत गाई/भैसीको संख्या : ....... गोटा

**क) शुरुको पूँजीगत लगानी :**

| क.सं | विवरण | इकाई | परिमाण | दर रु | रकम रु |
|---|---|---|---|---|---|
| १ | उन्नत जातका ठुला गाई/भैसी खरिद | संख्या | | | |
| २ | ..... गोटा ठुला उन्नत गाई/भैसीको लागि गोठ निर्माण खर्च | वर्गफिट | | | |
| ३ | गाई/भैसी व्याउने गोठ निर्माण (२ गोटा गाई/भैसीको लागि) | वर्गफिट | | | |
| ४ | ...... गोटा दुध खाने साना बाच्छाबाच्छी/पाडापाडीको लागि गोठ निर्माण | बर्गफिट | | | |
| ५ | ...... गोटा साना कोरलो बाच्छाबाच्छी/पाडापाडीको लागि गोठ निर्माण | वर्गफिट | | | |
| | ...... गोटा ठुला कोरली बाच्छी/पाडी/साँढे/राँगाको लागि गोठ निर्माण | वर्गफिट | | | |
| ६ | बिरामी पशु घर (२ पशुको लागि) | वर्गफिट | | | |
| ७ | ट्रेबिज निर्माण | संख्या | | | |
| ८ | मलखात निर्माण | संख्या | | | |
| ९ | दाना तथा उपकरण स्टोर | वर्गफिट | | | |
| १० | अफिस, डिस्पेन्सरी, आदि पूर्वाधार निर्माण | वर्गफिट | | | |
| ११ | विद्युतिय च्यापकटर | सेट | | | |
| १६ | ट्याक्टर तथा एसेसरिज सहित खरिद (८० हर्ज पावर) | सेट | | | |
| १२ | पशुले पिउने पानिको वितरण प्रणाली (बोरिङ्ग, पाईप, धारा, पानि ट्याङ्की, पानी तान्ने मोटर, ईनार, आदि) | संख्या | | | |
| १३ | विविध उपकरणको खर्च | प्रति गाई | | | |
| | **जम्मा पुंजिगत खर्च** | | | | |

**ख)  स्थिर खर्च (प्रति वर्ष) :-**

| क सं | विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | गाई/भैसी खरिद बाहेक अन्य पुँजिगत खर्चको ह्रास कट्टि | | | | | | |
| २ | ऋणको व्याज | | | | | | |
| ३ | जग्गाको भाडा | | | | | | |
| ४ | अन्य ..... | | | | | | |

**ग) चालु खर्च (प्रति वर्ष) :-**

| क सं | विवरण | दर | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | दाना खर्च | रु..../- प्रति केजी | | | | | |
| २ | घाँस उत्पादन खर्च | रु. .../-प्रति केजी | | | | | |
| ३ | पराल खर्च | रु..../- प्रति केजी | | | | | |
| ४ | ड्रेन्चिङ्ग, भ्याक्सीनेसन, औषधि उपचार, आदि खर्च | प्रति पशु/वर्ष रु. ...../- | | | | | |
| ५ | श्रमिक खर्च | रु. ......./- प्रति महिना | | | | | |
| ६ | विविध खर्च | प्रति वर्ष ......./- | | | | | |
| | **कुल चालु रकम खर्च** | | | | | | |

**परियोजनाको अपेक्षित वार्षिक आम्दानी :**

क. ....... गोटा दुहुना गाई/भैसी बिक्रिबाट रु............../-

ख. ....... गोटा साँढे/राँगाहरु विक्रिबाट रु. ............./-

ख. ....... टन गोबर मल बिक्रिबाट रु. ............./-

ग. अन्य बिक्रिबाट रु. .................../-

**परियोजना अवधिको अपेक्षित कुल आम्दानी (५ वर्षको)**

क. ....... गोटा दुहुना भैसी बिक्रिबाट रु............../

ख. ....... टन गोबर मल बिक्रिबाट रु. ............./-

ग. अन्य बिक्रिबाट रु. .................../-

**आय व्यय खर्च विवरण**

| क. सं. | आय व्यय खर्च विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चोंथो वर्ष | पाँचौ वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | कुल आय रु | | | | | | |
| २ | कुल खर्च रु | | | | | | |
| ३ | खुद नाफा रु | | | | | | |

**फार्मको उपलब्धीहरु :**

निजी उद्यमी/कम्पनी/समूह/समिति/सहकारी/स्थानीय निकाय/गैर सरकारी संघ/संस्थाको तर्फ वाट सहि गर्नेको

नाम :　　　　　　　　　　　　संस्थाको छापः

पद :

दस्तखत :　　　　　　　　　　　　मिति :

## अनुसूची ४

(दफा-७.४ र ११.१ संग सम्बन्धित)

## कार्यक्रम संचालनका लागि संस्थाको छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क्र. सं. | द.नं. | आवेदक संस्थाको नाम | ठेगाना | कार्य योजना (२५) | व्यवसायको सम्भाव्यता/ उपयुक्तता(२५) | अनुभव/ तालिम (१०) | गाई/भैसीका बंस सुधार गरी श्रोत केन्द्रको रुपमा व्यवस्थापन गरीरहेको पशु संख्या(१५) | घाँस विकास गरेको वा विकास गरिने जग्गाको क्षेत्रफल(२५) | कुल प्राप्तांक (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

छनौट समिति (जिल्ला स्थित पशु विकास कार्यदल)का पदाधिकारीहरुको :

नाम थर : पद : कार्यालय/ठेगाना दस्तखत

१.
२.
३.
४.
५.
६.
७.
८.
९

# अनुसुची ५

(दफा ७.५, ८.२ (क) र ११.५ सँग सम्बन्धित)

## सम्झौता पत्रको नमुना

केन्द्रीय गाई/भैसी प्रवर्द्धन कार्यालय हरिहरभवनको प्राविधिक नेतृत्वमा र जिल्ला पशु सेवा कार्यालय, ............ द्वारा संचालन गरिने **उन्नत गाई/भैंसी श्रोतकेन्द्र विकास कार्यक्रम** को उद्देश्य अनुरुपको उपलब्धी हासिल गर्न जि.प.से.का,...........................(यस पछि पहिलो पक्ष भनिने) र ..........................................उद्यमी/ समुह/ समिति/सहकारी/कम्पनी/निजी उद्यमी/...................................................... ( यस पछि दोस्रो पक्ष भनिने) बिच तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही उन्नत गाई/भैसी श्रोत केन्द्र स्थापना तथा संचालन गर्न द्विपक्षीय सम्झौता सम्पन्न भयो ।

१. श्रोतकेन्द्रमा आवद्ध समुहका कृषक सदस्यहरुले अनिवार्यरुपमा समूह/समितिको सदस्य भई लक्षित कार्यक्रम अनुसार कम्तीमा पनि १० सदस्य भएको एउटा हवमा प्रति सदस्य कम्तीमा पनि १० गोटा गाई/ ५ गोटा भैंसी पालन गर्नुपर्ने छ ।

२. दोश्रो पक्षले निरन्तर रुपमा कम्तीमा १०० गोटा माउ गाई वा ५० गोटा माउ भैंसी पालन गरेको हुनु पर्नेछ र सो को अनिवार्य विमा गर्नु पर्ने छ ।

३. दुवै पक्षको सहमतिमा स्थानीय वा नजिकका जिल्लाहरुको माग बमोजिम वा प्राविधिक आधारमा सिफारिस भएका नश्लका पशुको श्रोत केन्द्र स्थापना गर्नुपर्ने छ ।

४. दोश्रो पक्षले हरेक वर्ष आफ्नो श्रोत केन्द्रमा रहेका समस्याहरुको पहिचान गरी प्राथमिकताको आधारमा आवश्यक पर्ने कार्यक्रम तथा बजेटहरु तर्जुमा गरी जिल्ला पशु सेवा कार्यालयमा प्रस्ताव स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

५. दोश्रो पक्षबाट प्रस्तावित कार्यक्रम जिल्ला स्थित पशु विकास कार्यदलबाट स्वीकृत भै सके पछि कार्यक्रमको लागि आवश्यक बजेट मध्ये कम्तिमा २५ प्रतिशत बराबरको रकम दोश्रो पक्षले "**उन्नत गाई/भैंसी श्रोतकेन्द्र विकास कोष**""**उत्पादनशिल थारा भैसी संरक्षण कार्यक्रम विकास कोष**" मा जम्मा गरे पश्चात प्रथम पक्षले सम्झौता अनुसार ७५ प्रतिशत बराबरको रकम अनुदान स्वरुप बढिमा पहिलो वर्ष रु. ६ लाख, दोश्रो वर्ष बढिमा रु. १५ लाख र तेश्रो वर्ष बढिमा रु. ४ लाखका दरले काम सम्पन्न भएको आधारमा २ देखि ३ किस्तामा रकम कोषमा जम्मा गरिदिनेछ । दोश्रो पक्षले अनुदान रकम भौतिक पूर्वाधार निर्माण एवं खर्च भएर नजाने टिकाउ हुने माल सामाग्रीहरुको लागि मात्र खर्च गर्नु पर्नेछ ।

६. दाश्रो पक्षले श्रोत केन्द्र विस्तार तथा सुदृढिकरण गर्न ऋणको आवश्यकता महसुस गरेमा प्रथम पक्षले सो सम्बन्धी सहजीकरणको लागि वित्तिय संस्थासँग समन्वय गराउने छ ।

७. जिल्ला स्थित पशु विकास कार्यदलले निर्धारण गरेको दररेटमा दोश्रो पक्षले श्रोत केन्द्रबाट उत्पादित बाच्छा बाच्छी तथा पाडापाडी र गाई भैंसीको विक्री वितरण गर्नु पर्ने छ । दोश्रो पक्षले पशुहरु खरिद तथा बिक्री गर्दा अनिवार्य रुपमा पहिलो पक्षलाई जानकारी गराउनु पर्नेछ ।

८. प्रथम पक्षले दोश्रो पक्षलाई असल व्यवस्थापन विधि बमोजिम कार्यक्रम संचालनको लागि सरोकारवाला निकायसँग समन्वय गरी बढिमा ५ वर्ष सम्म सहयोग उपलब्ध गराई कार्यान्वयन गराउनु पर्ने छ ।

९. दोश्रो पक्षले स्वीकृत बार्षिक कार्ययोजना अनुरुप कार्यान्वयनको लागि मात्र खर्च गर्नु पर्ने छ र सो को अद्यावधिक प्रगति तयार गरी हरेक महिना प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

१०. दोश्रो पक्षले पशु पालन व्यवस्थापनको लागि गरिने सम्पुर्ण कार्यहरुको अभिलेख विवरण राखी अद्यावधिक गरिरहनु पर्ने छ ।

११. पहिलो पक्षले संचालित कार्यक्रमको प्रगति सन्तोषजनक नपाएमा तोकिएको अवधिसम्म कार्यक्रमलाई निरन्तरता दिन बाध्य हुने छैन ।

१२. पहिलो पक्षको कार्यक्रम अवधि समाप्त भए पछि पनि दोस्रो पक्षले कार्यक्रमलाई निरन्तरता दिनुपर्ने छ ।

१३. दोश्रो पक्षले यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा विद्यमान कानुन बमोजिम कार्यवाहीको भागेदारी हुनु पर्ने छ ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| जि.प.से. का.को तर्फबाट सहिगर्नेको | अध्यक्षको |
| नाम : | नाम : |
| पदः | ठेगानाः |
| दस्तखतः | दस्तखत : |
| मितिः | मिति : |
| कार्यालयको छाप : | औठा छाप |
| रोहबर | रोहबर |
| योजना शाखा, जिल्ला पशु सेवा कार्यालय | गाउं विकास समितिको कार्यालय |

*द्रष्टब्य : जि.प.से.का ले आवश्यकता अनुसार उल्लेखि शर्तहरुमा थपघट गर्न सक्ने छ ।*

**अनुसुची ६**
(दफा-१५ संग सम्बन्धित)
**अनुगमनको ढाँचा**

१. जिल्ला :-

२. उन्नत गाईभैसी श्रोत केन्द्रको नाम र ठेगाना :-

३. संचालक संस्थाको नाम र ठेगाना :-

४. सेवा संचालन भएको साल र महिना :-

५. उन्नत गाईभैसी श्रोत केन्द्र बिकास कोष स्थापना भएको साल र महिनाः-

**६. <u>कोष आम्दानी विवरण</u> :-**

**७. <u>कोष आम्दानी विवरण</u> :-**

क. जिल्ला पशु सेवा कार्यालयबाट प्राप्त रकम :- रु.
ख. साझेदार संस्थाबाट प्राप्त रकम :- रु.
ग. अन्य संस्थाहरुबाट प्राप्त रकम :- रु.
घ. सेवा शुल्कबाट रकम :- रु.
ङ. बैङ्क खातामा जम्मा गरिएको कोषको रकमबाट प्राप्त व्याज रकम :- रु.
च. अन्य श्रोतबाट प्राप्त भएको रकम :- रु.
**कुल जम्मा रकम :- रु.**

**८. कोषको खर्च विवरण :-**

क. श्रोत केन्द्रका पशुहरुलाई सेवा प्रदान गरे वापत सिमेन खर्च रु.
ख. पशुहरुलाई ड्रेन्चिङ्ग तथा भ्याक्सिनेसनको लागि खर्च भएको रकम :- रु.
ग. सेवा उपभोग वापत प्रोत्साहन खर्च रकम :- रु.
घ. हालसम्मको खर्च रकम :- रु.
ङ. कोषमा बाँकी मौज्दात रकम :- रु.

९. कोषबाट हालसम्म सहयोग प्राप्त गर्ने जम्मा कृषक संख्या :-

१०. कोषमा रकम सहयोग गर्ने अन्य संस्थाहरुको नाम र सहयोग रकम :-

११. ठाउँ अनुसार गोठको बनावट बैज्ञानिक भएको वा नभएको बारे विवेचना :

१२. कोषबाट हालसम्म सहयोग प्राप्त गर्ने जम्मा कृषक संख्या :-

१३. कोषमा रकम सहयोग गर्ने अन्य संस्थाहरुको नाम र सहयोग रकम :-

१४. अन्य सुझाव केही भएः-

निरीक्षण कर्ताको नामः-
पद
निरीक्षण मितिः-

सेवा प्रदायक वा संचालकको नामः-
हस्ताक्षर
मिति

**अनुसूची–७**

(दफा १३.३ संग सम्बन्धित)

**उन्नत गाईभैसी श्रोत केन्द्र स्थापना कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढांचा**

**..................महिना/चौमासिक/अष्ठमासिकको लक्ष्य र प्रगति**

१. संस्थाको नाम : टेलिफोन सम्पर्क नम्वर:

ठेगाना: जिल्ला गा.वि.स.: वडा नं.: गाउं/टोल :

२. आ.व. ३. महिना ३) प्रगति प्रतिवेदन अवधि : अर्धवार्षिक/वार्षिक

| क्र.सं. | कार्यक्रम विवरण | इकाई | बार्षिक लक्ष्य | बार्षिक बजेट | ........ चौमासिक लक्ष्य | ........ चौमासिक बजेट | यस महिनाको प्रगति | यस महिनाको खर्च | ........ चौमासिक प्रगति | ........ चौमासिक खर्च | हालसम्मको प्रगति | हालसम्मको खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | |

वित्तिय प्रगति प्रतिशत : ..... % भारित प्रगति : .......... % भौतिक प्रगति : ..............%

**पशु प्रजनन रेकर्ड**

| क.सं. | गाई/ भैसीको ट्याग नं. | गाई/ भैसीको जात | गाई/ भैसीको उमेर | गाई/ भैसीको बाबुको जात | गाई/ भैसीको आमाको जात | बेत संख्या | कृ.ग./प्रा.ग. गरेको मिति | | | | | | गर्भ परिक्षण मिति | गर्भ रहेको भए ब्याउने मिति | ब्याएको मिति | जन्मेको बाच्छाबाच्छी /पाडा पाडी | दुध उत्पादन प्रति दिन कि.ग्रा. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो पटक | साँढे/ राँगोको जात | उल्टिएर दोश्रो पटक | साँढे/ राँगोको जात | उल्टिएर तेश्रो पटक | साँढे/ राँगोको जात | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

**पशु उपचार रेकर्डको नमूना (प्रत्येक गाई/भैसीको लागि)**

| मिति | पाडाको ट्याग नं. | उमेर (दिन) | तौल (के.जी) | परजिबी नियन्त्रण विवरण | भ्याक्सिनेसन विवरण | स्वास्थ्य समस्या र उपचार |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आईपरेका बाधा अड्चनहरु :

१.
२.
३.
४.

समाधानको लागि सुझावहरु

१.
२.
३.

**अनुसूची ८ (क)**

(दफा ४.५ सँग सम्बन्धित)

**गाई/भैसीहरुको मासिक हर्ड बुक नमूना**

..................उन्नत गाई/भैसी श्रोतकेन्द्र,.....................

श्रोत केन्द्र संचालक संस्थाको नाम : ठेगाना : साल :-

| गाई/भैसीको संख्या विवरण | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | यस महिनाको शुरुको पशु संख्या | | | | | | यस महिनामा जन्मेको संख्या | | यस महिनामा मरेको संख्या | | | | | | यस महिनामा बिक्रि संख्या | | | | | | महिनाको अन्तमा बाँकि संख्या | | | | | |
| महिनाको नाम | ठुला | | मझौलो | | साना | | भाले | पोथी | ठुला | | मझौलो | | साना | | ठुला | | मझौलो | | साना | | ठुला | | मझौलो | | साना | |
| | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | | | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

प्रगति तयार गर्नेको नामः-

हस्ताक्षर :

पद :

मिति :

संरक्षण केन्द्रको प्रमुखको नाम :

हस्ताक्षर :

पद :

मिति :

**अनुसूची ८ (ख)**
(दफा ४.५ सँग सम्बन्धित)

**हर्ड बुक नमूना (प्रत्येक गाई/भैसीको लागि अलग अलग रेकर्ड राख्ने)**

............ श्रोतकेन्द्र,.....................

कृषक/समुह/संस्थाको नाम : ठेगाना :

पशुको नाम वा संकेत : जात : ट्याग नम्बर :
जन्म मिति

माऊको संकेत र चारित्रिक विवरण :

बाउको संकेत र चारित्रिक विवरण :

| मिति | उमेर (दिन) | तौल (के.जी) | परजिबी नियन्त्रण विवरण | भ्याक्सिनेसन विवरण | स्वास्थ्य समस्या र उपचार |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

बथानबाट हटेको मिति ...................... कारण मृत्यु भएको ( )
यदि मृत्यू भएको भए कारण रोग लागेर ( )
बिक्रि गरेको ( )
दुर्घटना वा जंगली जनावरको आक्रमणबाट ( )

**अनुसूची ९**
(दफा-१६ संग सम्बन्धित)

**कार्यक्रम सञ्चालनको सम्वन्धमा विभिन्न निकायको भूमिका तथा दायित्व**

१. **कार्यक्रम संचालक साझेदार संस्थाः**

१. जिल्ला पशु सेवा कार्यालयसँग भएको सम्झौता अनुरुप कार्यक्रम संचालन गर्ने ।
२. बाह्रै महिना मोटर जाने र पायक पर्ने ठाँउमा उन्नत पशुपालन श्रोत केन्द्र स्थापना गर्ने तथा उपलब्ध गराइएको नाप, नक्शा र डिजाइन अनुसार गोठ निर्माण गर्ने । साथै आवश्यकता अनुसार अन्य भौतिक संरचना तथा पुर्बाधार विकास र औजार, सामाग्री, औषधि आदि ब्यवस्थापन गर्ने ।
३. कार्यक्रम संचालनको लागि गर्ने सहकार्यको कार्ययोजना तयार गरी प्रस्तावको रुपमा जिल्ला पशु सेवा कार्यालयमा पेश गर्ने ।
४. जिल्ला पशु सेवा कार्यालयसंग समन्वय गरी उन्नत गाई/भैंसी श्रोतकेन्द्र विकास कोषको स्थापना गर्ने र सो को लागि आर्थिक सहयोग जुटाउन विभिन्न निकायसंग समन्वय गर्ने ।
५. आफ्नो इलाकाको पशु सेवा केन्द्र/उपकेन्द्रसंग नियमित सम्पर्क एवं समन्वयमा रहने ।
६. अनिवार्य रुपमा गाई/भैसीको हर्ड रेकर्ड, पेडीग्री रेकर्ड, प्रजनन रेकर्ड, भ्याक्सिनेसन रेकर्ड, स्वास्थ्य रेकर्ड, पशु खरिद बिक्रीको रेकर्डको अभिलेख व्यवस्थित गरी राख्ने र सो को विवरण समेत प्रगतिमा समावेश गर्ने ।
७. मासिक रुपमा तोकिएको ढाँचामा प्रगति विवरण भरि सम्बन्धित पशु सेवा केन्द्र/उपकेन्द्र मार्फत जिल्ला पशु सेवा कार्यालयमा पठाउने ।

२. **पशु सेवा केन्द्र/उप-केन्द्रः**

१. आफ्नो कार्यक्षेत्रको मातहतमा रहेका श्रोतकेन्दको अनुगमन गरी आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने ।
२. कार्यक्रम संचालन गर्न कुनै किसिमको समस्या भएमा वा कुनै सल्लाह सुझाव भए जिल्ला पशु सेवा कार्यालयलाई समयमै जानकारी गराउने ।
३. श्रोतकेन्द्र स्थापना तथा संचालनमा प्रत्यक्ष सहभागी भई कार्यक्रम सम्पन्न गर्न स्थानीय स्तरमा सम्वन्धित सरोकारवालाहरुसंग सम्वन्ध स्थापित गर्ने ।
४. श्रोतकेन्द्रहरुवाट मासिक प्रगति संकलन गरी प्रत्येक महिनाको मसान्त भन्दा ५ दिन पहिले प्राप्त हुने गरी सम्वन्धित जिल्ला पशु सेवा कार्यालयमा पठाउने ।

३. **जिल्ला पशु सेवा कार्यालयः**

१. श्रोत केन्द्र स्थापना हुन सक्ने सम्भावित क्षेत्रको प्रारम्भिक तथ्याङ्क संङ्कलन तथा विवरण तयार गर्ने ।
२. श्रोत केन्द्र संचालनको लागि साझेदार निकायहरुबाट प्रस्ताव आह्वान गर्ने र छनौटको लागि पशु विकास कार्यदलमा पेश गर्ने ।
३. जिल्ला स्थित पशु विकास कार्यदलबाट छनौट भएका साझेदार संस्थासंग श्रोत केन्द्र संचालन गर्न **अनुसुची-५** अनुसार सम्झौता गर्ने ।
४. साझेदार गर्ने संस्थासंग समन्वय गरी उन्नत गाई/भैंसी श्रोत केन्द्र विकास कोषको स्थापना गराउने ।
५. श्रोत केन्द्रका पशुपालक कृषकहरुको लागि क्षमता अभिबृद्धिका कार्यक्रम, तालिम, गोष्ठी संचालन गर्ने ।
६. श्रोत केन्द्रहरुको प्रत्येक चौमासिकमा कम्तीमा एक पटक स्थलगत अनुगमन निरिक्षण गरि प्रतिवेदन पेश गर्ने तथा समय समयमा केन्द्रहरुलाई आवश्यक सल्लाह सुझाव दिने ।
७. जिल्ला पशु विकास कार्यदलको बैठकमा छलफल गरी श्रोत केन्द्रमा पालिएका पशुहरुको स्थानिय चलन चल्तीको दररेटको आधारमा मूल्यको दायरा निर्धारण गरी श्रोत केन्द्रमा लागु गराउने तथा क्रेता र बिक्रेता बिचको सम्पर्क गराउन मद्दत गर्ने ।
८. जिल्ला भित्र रहेका ब्याबसायिक गाई भैंसी पालन गर्ने फार्महरुको अनिबार्य दर्ता गरी प्रमाणपत्र दिनुपर्ने छ र सो प्रमाणपत्र सम्बन्धित फार्महरुले स्पष्ट देखिने गरी झुण्डयाएर राख्नु पर्ने छ ।
९. स्थानीय संचार माध्यमहरुबाट उन्नत गाई/भैसीको प्रवर्द्धन बारे जनचेतनामुलक प्रचार प्रसार कार्यक्रमहरु संचालन गर्ने ।
१०. जिल्लामा संचालित सबै केन्द्रहरुको भिन्दा भिन्दै तथा एकमुष्ठ प्रगति संयोग गरि प्रत्येक महिनाको मसान्त भन्दा १ दिन पहिले सम्वन्धित क्षेत्रीय पशु सेवा निर्देशनालय तथा केन्द्रिय गाई/भैंसी प्रवर्द्धन कार्यालयमा प्राप्त हुने गरी अनिवार्य रुपमा मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन पठाउने ।

४. **केन्द्रीय गाई भैंसी प्रवर्द्धन कार्यालयः**

१. श्रोत केन्द्र विकास कार्यक्रमको प्रमुख संयोजकको रुपमा काम गर्ने ।
२. सम्बन्धित केन्द्रहरुमा एकीकृत गोठ व्यवस्थापन, नश्ल सुधार, पशु आहारा तथा घाँस विकास, पशु स्वास्थ्य आदि कार्यक्रमहरु संचालन गर्दा सम्बन्धित कार्यालयहरु, साझेदार संस्था तथा जिल्ला पशु सेवा कार्यालयहरुसँग समन्वय गर्ने ।
३. श्रोत केन्द्र स्थापना तथा तत्सम्बन्धी संचालन हुने कार्यक्रमहरुमा प्रत्यक्ष रुपले सहभागी भई साझेदार संस्था तथा जिल्ला पशु सेवा कार्यालयहरुसित समन्वय गर्ने ।
४. श्रोत केन्द्रको क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठि, अवलोकन भ्रमण, आदि संचालन गर्न गराउन सम्बन्धित निकायसँग समन्वय गर्ने ।
५. उन्नत पशु पालन सम्बन्धी आवश्यक प्रचार सामाग्री तयार गरी वितरण गर्ने ।
६. आवश्यकता अनुसार जिल्लाहरुलाई प्राविधिक परामर्श तथा अन्य सल्लाह सुझाव दिने ।

७. अपेक्षित उपलब्धि प्राप्तिका लागि जिल्ला पशु सेवा कार्यालय तथा श्रोत केन्द्रहरुको नियमित अनुगमन, सुपरिवेक्षण गर्ने गराउने र सो को प्रतिबेदन पशु उत्पादन निर्देशनालयमा पठाउने ।
८. कार्यक्रमको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन संकलन गरी प्रत्येक महिनाको मसान्त भित्र पशु उत्पादन निर्देशनालयमा पठाउने ।

**५. राष्ट्रिय पशु प्रजनन केन्द्रः**

१. श्रोतकेन्द्रमा रहेका पशुहरुको ब्रीडीङ्ग भ्यालु इस्टिमेट गर्न तथा प्रजनन विकृतिहरुको पहिचान गरी समयमै समस्या समाधानको कृयाकलाप संचालन गर्ने ।
२. प्रजनन् सम्बन्धी अनुगमन निरिक्षण गरी प्राबिधिक पृष्ठपोषण तथा अनुवांशिक सुधारका कार्यक्रमहरु संचालन गर्ने गराउने ।
३. श्रोत केन्द्रको लागि आवश्यक पर्ने तरल नाईटोजन र उच्च गुणस्तरको जमेको बिर्य लगायत अन्य सामाग्रीहरुको आपूर्तीमा प्राथमिकता दिने ।
४. दुधालु गाई तथा भैसी बंश सुधार कार्यक्रममा जस्तै प्राविधिक तथा अन्य सहयोगको व्यवस्था मिलाउने ।
५. प्रत्येक श्रोत केन्द्रहरुमा कृत्रिम गर्भाधान अभियानका कार्यक्रमहरु संचालन गर्ने ।

**६. राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र :**

१. श्रोत केन्द्रहरुलाई घाँसेबालीमा आधारित उत्पादन लागत कम हुने प्रविधिहरुको अवलम्बनको लागि आवश्यक सेवा तथा सुझाव दिने ।
२. उन्नत गाई/भैंसी श्रोतकेन्द्रहरुमा पशुजन्य पदार्थको लाभ लागतको लेखाजोखा गर्ने तथा प्रति युनिट लागत न्युनीकरण गर्न बिभिन्न आधुनिक प्रबिधिबारे जानकारी गराउने ।
३. पशु आहारा सम्बन्धी कृयाकलापहरुको अनुगमन, निरिक्षण र समन्वय गरी प्राबिधिक पृष्ठपोषण तथा सुधारका कार्यक्रमहरु संचालन गर्ने गराउने ।
४. प्रत्येक श्रोत केन्द्रहरुलाई प्राथमिकता दिई घाँस विकास अभियानका कार्यक्रमहरु संचालन गर्ने ।
५. श्रोत केन्द्रका प्रत्येक कृषक परिवारमा फरेज गार्डेनको व्यवस्था मिलाउन पहल गर्ने ।

**७. क्षेत्रीय पशु सेवा निर्देशनालयहरुः**

१. कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न श्रोत केन्द्रहरुको अनुगमन, निरिक्षण र नियमित प्रतिवेदन सम्बन्धित निकायमा पठाउन लाई आवश्यक निर्देशन दिने ।
२. जिल्ला पशु सेवा कार्यालयहरुबाट प्राप्त प्रगति प्रतिवेदनहरु एकिकृत गरी सम्बन्धित निकायमा तोकिएको समयसिमा भित्र पठाउने ।

**८. पशुपंक्षी बजार प्रबर्द्धन निर्देशनालयः**

१. नेपालमा अवस्थित जिउदो पशु बजार विकास तथा त्यसका वरिपरि रहेका श्रोतकेन्द्रमा उन्नत पशुहरुको अभिलेख राखी तथा बिक्री बितरणको व्यवस्था एवं बजार सर्बेक्षणमा सहयोग गर्ने ।

**९. पशु स्वास्थ्य निर्देशनालय तथा अन्तरगतका कार्यालयहरु**

१. श्रोत केन्द्रमा रहेका उन्नत पशुहरुको स्वास्थ्य व्यवस्थापनको लागि कार्ययोजनाको आधारमा कार्यान्वयन गर्ने गराउने र सो अन्तर्गतका क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालाहरुलाई सम्बन्धित कार्यक्रमसँग समन्वय गराउने ।

**१०. पशु उत्पादन निर्देशनालयः**

१. कार्यक्रमको कार्यविधी तयार गरी स्विकृत गराउने र सम्वन्धित कार्यालयहरुलाई कार्यक्रम कार्यान्वयनको अख्तियारी पठाउने ।
२. कार्यक्रम कार्यान्वयन गर्न सम्वन्धित निर्देशनालय, विभाग, मंत्रालय र अन्य सरोकारवाला निकायहरुसंग समन्वय गर्ने ।
३. सन्चालित कार्यक्रमको नियमित सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने तथा विभिन्न निकायबाट प्राप्त निरिक्षण प्रतिवेदन अनुसार सम्वन्धित निकायहरुलाई समय मै सुधारको लागि पृष्ठपोषण गर्ने ।
४. कार्यक्रमको वार्षिक तथ्याङ्कहरु अध्यावधिक गरी सम्वन्धित निकायमा प्रतिवेदन पेश गर्ने गराउने ।
५. कार्यक्रमको मासिक, चौमासिक र वार्षिक प्रगति विवरण एकिकृत गरि हरेक महिनाको १ गते भित्र पशु सेवा विभागमा पुग्ने गरी पठाउने ।

**११. पशु सेवा बिभाग**

१. पशु श्रोत केन्द्र विकास कार्यक्रमहरु तर्जुमा तथा बजेट बिनियोजन तथा व्यवस्थापन गर्ने ।
२. कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्ने छ ।
३. कार्यबिधी स्वीकृति, संशोधन तथा परिमार्जन एवं आबश्यकता अनुसार अन्य निकाय सित समन्वय गर्ने छ ।
४. उन्नत गाई/भैसी श्रोत केन्द्र बिकास कार्यक्रलाई केन्द्रिय रुपमा संयोजन, समन्वय तथा संचालन गर्न पशु सेवा बिभागका महानिर्देशकज्युको अध्यक्षतामा रहेको केन्द्रीय पशु श्रोत केन्द्र विकास समन्वय समितिलाई नै परिचालन गरिने छ ।

**अनुसुची १० (क)**
(दफा- ११.११ संग सम्बन्धित)
**गोठको नाप नक्शा तथा नमुना**
**गोठमा प्रति गाई भैंसी चाहिने स्थान (ब.फी.)**

| पशुको किसिम | क्षेत्रफल (वर्गफीट) | | दाना खाने डुड (इन्च) |
|---|---|---|---|
| | छोपिएको क्षेत्र | खुल्ला क्षेत्र | |
| गाई | २० – ३० | ८० – १०० | २० – २४ |
| भैंसी | २५ – ३५ | ८० – १०० | २४ –३० |
| कोरली/बहर | १५ – २० | ५० – ६० | १५– २० |
| ब्याउने गाई/भैंसी | १०० – १२० | १८० – २०० | २४– ३० |
| राँगो/साँढे | १२० –१४० | २०० – २५० | २४ – ३० |

***नोटः*** *समान्तया प्रति गाई गोठ भित्र लम्वाई र चौडाई क्रमशः १.७–१.९ मी. र १.२–१.५ मी. तथा भैसीको लागि लम्बाई २.२५ मी. र चौडाई १.२५ मी. हुनुपर्दछ । दाना र पानीको डुँड पर्खालसित जोडेर समानान्तर हुनेगरी बनाउनु पर्दछ । गोठको कुल लम्वाई र चौडाई बस्तुको संख्याको आधारमा निर्माण गर्नुपर्दछ । गोठको मोहडा पहाडी भेगमा दक्षिण पश्चिम तथा तराई भेगमा उत्तरी मोहडा हुनुपर्दछ ।*

**अनुसुची १० (ख)**
(दफा- ११.११ संग सम्बन्धित)
**ट्रेभिज निर्माणका मापदण्डहरु**

१. ट्रेभिज निर्माण गर्न ठाउँको छनौट गर्दा बर्षै भरी मोटर जान सक्ने, सबैलाई पायक पर्ने र पानी नजम्ने हुनु पर्दछ ।
२. भूईको सतह अनिवार्य रुपमा कंकृट ढलान गरेको हुनु पर्नेछ ।
३. ट्रेभिजको खम्वा(Pillers)कम्तीमा २ इन्च मोटो गाल्यभाईनाईड पाईप(GI Pipe)को हुनु पर्दछ ।
४. ट्रेभिजको अगाडीको खम्वाको उचाई २ मीटर, लम्बाई ३ मीटर र पछाडीको खम्वाको उचाई १ मीटर एवं दुई वटा समानान्तर खम्वाको चौडाई १ मीटर सम्मको हुनु पर्दछ ।
५. ट्रेभिजको अगाडी र पछाडीको खम्वाको बीचमा कम्तीमा १ थप खम्बा निर्माण गर्नु पर्नेछ ।
६. ट्रेभिजको खम्वा कम्तीमा १ फिट भुई तल गाड्नु पर्ने हुन्छ र तल्लो खम्बा भन्दा पछाडी कम्तीमा १ मीटर ढलान गरेको हुनु पर्दछ ।

**अनुसुची ११**
(दफा - ११.७ संग सम्बन्धित)

**गाई भैंसीको प्राविधिक सूचक**

श्रोत केन्द्रका लागि बाच्छी, पाडी छनौट गर्दा बाच्छीका माउँहरुको उत्पादन क्षमता देहायका सुचकाङ्कको आधारमा छनौट गर्नु पर्दछ ।

| पशुहरुको उत्पादन सूचकाङ्क विवरण | गाई | भैंसी |
|---|---|---|
| माउँको वार्षिक दुध उत्पादन (लिटर) | ३००० लिटर | १५०० लिटर |
| प्रति बेत दुध दिने दिन | २०० - ३०० दिन | १५० - २०० दिन |
| पहिलो पटक बाली जाने उमेर (महिना) | १५ - १८ महिना | ३० - ४२ महिना |
| पहिलो पटक ब्याउने उमेर (महिना) | २४ - २७ महिना | बढिमा ४८ महिना |
| ब्याउने अन्तराल (महिना) | १२ - १५ महिना | बढिमा १८ महिना |

# पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम संचालन निर्देशिका, २०७०

(प्रथम संशोधन, २०७१)

*नेपाल सरकार माननीय (मन्त्रीस्तर) मिति २०७१-११-१२ को निर्णयबाट स्वीकृत*

**कृषि विकास मन्त्रालय**

फाल्गुण, २०७१

**पृष्ठभूमी**

नेपालमा दुध तथा मासुको बढ्दो मागलाई सापेक्षिक रुपमा पूर्ति गर्न पशुपालन क्षेत्रमा व्यवसायीकरण गरी पशुजन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्न पशु नश्ल सुधारका साथसाथै पशु आहारा विकास गरी विस्तृत रुपमा सार्वजनिक/निजि/सहकारी/साझेदारीको माध्यमबाट राष्ट्रिय अभियानको रुपमा संचालन गर्न आवश्यक भएकोले नेपाल सरकारको आ.व. २०७०/७१ को बजेट वक्तव्य मार्फत घोषणा गरिएको पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम (फरेज मिसन) संचालन गर्न यस निर्देशिका २०७० (प्रथम संशोधन, २०७१) जारी गरिएको छ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाको नाम "पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम संचालन निर्देशिका, २०७० (प्रथम संशोधन, २०७१)"रहनेछ।

(ख) यो निर्देशिका नेपाल सरकार कृषि विकास मन्त्रालयबाट स्विकृत भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "निर्देशिका" भन्नाले पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम संचालन निर्देशिका, २०७० (प्रथम संशोधन, २०७१) सम्झनु पर्छ।

(ख) कार्यक्रम भन्नाले पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम सम्झनु पर्छ।

(ग) "सेवा" भन्नाले घाँस विकास तथा पशु आहारा सुधार सम्बन्धी सेवा सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ८ बमोजिम गठित केन्द्रीय पशु आहारा विकास समन्वय समिति सम्झनु पर्छ।

(ङ) "केन्द्र" भन्नाले सामुदायिक पशु आहारा केन्द्र सम्झनु पर्छ।

(च) "हे" भन्नाले फुल फल्ने बेलाको घाँसलाई काटि बैज्ञानिक तरिकाले सुकाई पौष्टिकता भएको तथा चिस्यान १५ प्रतिशतभन्दा कम रहने गरी बनाइएको घाँसलाई सम्झनु पर्छ।

(छ) "साइलेज" भन्नाले हरियो घाँसलाई करिब १-२ दिन छायामा सुकाई ३०-३५ प्रतिशत चिस्यान भएपछि हावारहित पिट/ट्रेन्च/टावरमा खादी तयार गरिएको गुन्द्रुकलाई सम्झनु पर्छ।

(ज) "मिनरल ब्लक" भन्नाले युरिया, गहुं/मकैको चोकर, भटमासको पिना, मोलासेस,भिटामिन रखनिज तत्तवहरुको सन्तुलित समश्रिणबाट तयार गरिएको ब्लकलाई सम्झनु पर्छ।

(झ) "टोटल मिक्स रासन" भन्नाले कृषि उपपदार्थ, अन्न, मोलासेस, भिटामीन र खनिज तत्वहरुलाई मिसाई फिड ब्लकको रुपमा तयार गरिने सन्तुलित पशु आहारालाई सम्झनु पर्छ।

**३. उद्देश्यः**यस कार्यक्रमको उद्देश्य देहाय बमोजिमको रहेका छन्:

(क) गुणात्मक पशु आहाराको आपूर्ति गरी दुध तथा मासुको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने।

(ख) पशुजन्य उत्पादनको लागत घटाई स्वदेशी उत्पादनलाई राष्ट्रिय/अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउने।

(ग) सरकारी, गैरसरकारी तथा निजि क्षेत्रका घांसेबाली तथा बीउ उत्पादक व्यवसायिक कृषक/समूह/समिति/सहकारी, सामुदायिक पशु आहारा केन्द्र, राईजोवियम तथा विउ विजन प्रयोगशाला, चरन तथा घांसेबाली विउ वृद्धि फार्महरु तथा राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रको क्षमता अभिवृद्धि, श्रोतकेन्द्र सुदृढिकरण र दिगो सेवा प्रदान गर्ने।

**४. अपेक्षित प्रतिफल :**

४.१ ४५००० हेक्टर क्षेत्रफलमा उन्नत घांस खेती गरी पशु नश्ल सुधार राष्ट्रिय कार्यक्रम अन्तरगतउत्पादित उन्नत पशुहरुको लागि आवश्यक आहारा पूर्ति गर्ने।

४.२ ३००० हेक्टर क्षेत्रफलमा बीउ उत्पादनको लागि घांस खेती गरी गुणस्तरीय विउ उत्पादन गर्ने।

**परिच्छेद २**

**५. कार्यक्रमको अवधि :**

(क) यस कार्यक्रमको अवधि ५ वर्ष (आ.ब. २०७०/७१ देखि ०७४/७५ सम्म)को हुनेछ।

(ख) पहिलो ५ वर्षको कार्यक्रमको प्रभावकारिताको आधारमा सेवा अवधि विस्तार गर्न सकिनेछ।

**६. कार्यक्रम लागु हुने स्थान :**

(क) पहिलो, दोश्रो र तेश्रो चरण गरी ५ वर्षको अवधिमा पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रम लागु भएका जिल्लाहरुमा अनुसूचि १ बमोजिम) यो कार्यक्रम लागु गरिने छ।

(ख) उपदफा क(क) बमोजिम प्रत्येक जिल्लामा स्थापित सामुदायिक पशु प्रजजन केन्द्रहरुलाई सामुदायिक पशु आहारा विकास केन्द्रको रुपमा स्थापित गरी यस कार्यक्रम संचालन गरिने छ।

(ग) राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र, सामुदायिक पशु विकास आयोजना तथा कवुलियत वन तथा पशु विकास कार्यक्रमबाट स्थापना गरिएका सामुदायिक घांस श्रोत केन्द्रहरुलाई यस कार्यक्रममा समावेश गरिनेछ।

(घ) नयाँ सामुदायिक पशु आहारा विकास केन्द्र स्थापना गर्दा सम्बन्धित पशु सेवा केन्द्र/उपकेन्द्रको संलग्नतामा उक्त क्षेत्रमा रहेका दुग्ध उत्पादक सहकारी संस्था, घांस विकास समूह/समिति, सामुदायिक वन उपभोक्ता समिति, कृषि सहकारी संस्था, स्थानीय गैह्र सरकारी संस्था, स्थानीय निकाय, कृषक समूह/समितिको सहकार्यमा स्थापना गरी संचालन गरिनेछ ।

**७. जिल्ला छनौटका आधारहरु** :दफा ६ को प्रयोजनको लागि जिल्लाको छनौटका आधारहरु देहाय बमोजिम हुनेछ :

(क) दुधालु स्थानीय तथा उन्नत जातका पशु नश्लका गाई भैंसीहरु पर्याप्त संख्यामा रहेका, भौतिक पुर्वाधारहरु खास गरी बाटो, विजुलीको सविधा पुगेका, देध उत्पादन पकेट क्षेत्र, घांसेवालीको व्यवासायिक विउ/वेर्ना उत्पादन क्षेत्र निर्धारण भएका र दुध उत्पादन वृद्धि गर्ने प्रचर सम्भावना रहेका, घांसेवाली उत्पादन गर्ने सम्भावित क्षेत्र तथा पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रम संचालन भएका जिल्लाहरु यस कार्यक्रम संचालनको लागि छनौट गरिने छ ।

**परिच्छेद ३**

**८. केन्द्रीय पशु आहारा विकास समन्वय समिति :**

(क) कार्यक्रमको नितिगत एवं कार्यान्वयन व्यवस्थापन गर्न देहाय बमोजिमको पदाधिकारी रहेको केन्द्रीय पशु आहारा विकास समन्वय समिति रहनेछ :

१) संयोजक - महानिर्देशक, पशु सेवा विभाग

२) सह-संयोजक - कार्यक्रम निर्देशक, पशु उत्पादन निर्देशनालय

३) सदस्य - प्रतिनिधि, अनुगमन तथा मुल्यांकन महाशाखा, कृषि विकास मन्त्रालय

४) सदस्य - प्रतिनिधि, योजना शाखा, पशु सेवा विभाग

५) सदस्य - प्रतिनिधि, अनुगमन तथा मुल्यांकन महाशाखा, पशु सेवा विभाग

६) सदस्य - केन्द्रीय गाईभैंसी प्रवर्द्धन कार्यालय

७) सदस्य - प्रमुख, नेपाल कृषि अनुसन्धान परिषद, पशु आहारा महाशाखा

८) सदस्य- नेपाल कृषि अनुसन्धान परिषद, चरन तथा घांसेवाली महाशाखा

९) सदस्य- लाइभस्टक विशेषज्ञ, राष्ट्रिय दुग्ध विकास बोर्ड

१०) सदस्य - प्रमुख प्राविधिक अधिकृत, दुग्ध विकास संस्थान

११) सदस्य - अध्यक्ष, केन्द्रीय दुग्ध सहकारी संघ

१२) अध्यक्ष- नेपाल डेरी एशोसियसन

१३) सदस्य सचिव - प्रमुख, राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र

(ख) उपदाफा (क) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

(ग) उपदफा (ख) बमोजिम समितिको बैठकमा सम्बन्धित विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

**९. केन्द्रीय पशु आहारा विकास समन्वय समितिको काम, कर्तव्य र अधिकार** :समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नीति निर्माण, कार्यविधि तर्जुमा तथा कार्यक्रम संचालनको लागि आवश्यक श्रोतको व्यवस्था गर्ने ।

(ख) विभिन्न केन्द्रीय निकायहरु बीच समन्वय गरी कार्यक्रम संचालन गर्न सहजता प्रदान गर्ने ।

(ग) कार्यक्रमको आवधिक रुपमा अनुगमन तथा समिक्षा सम्बन्धित निकायलाई आवश्यक पृष्ठपोषण दिने ।

(घ) कार्यक्रमको लागि आवश्यक अन्य काम गर्ने/गराउने ।

**१०. जिल्ला पशु आहारा विकास समन्वय समिति :**

(क) जिल्ला स्तरमा कार्यक्रम कार्यान्वयनको लागि देहाय बमोजिमको जिल्ला पशु आहारा विकास समन्वय समिति रहनेछ :

१) संयोजक - प्रमुख, जिल्ला पशु सेवा कार्यालय

२) सदस्य- प्रतिनिध, जिल्ला विकास समिति

३) सदस्य - अध्यक्ष, जिल्ला दुग्ध उत्पादक सहकारी संघ

४) सदस्य -प्रतिनिधि, निजी डेरी एशोसियसन

५) सदस्य -कृषक प्रतिनिध, धांस विकास श्रोतकेन्द्र

६) सदस्य -आवश्यकता अनुसार आमन्त्रित

७) सदस्य सचिव - फोकल अधिकृत (प.वि.अ. वा प.चि.), जिल्ला पशु सेवा कार्यालय

(ख) उपदफा (क) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ग) उपदफा (ख) बमोजिम समितिको बैठकमा सम्बन्धित विज्ञ, चरन तथा घांसेवाली विउ वृद्धि फार्म प्रमुख वा प्रतिनिधि, राईजोवियम तथा वीउ विजन प्रयोगशाला वा क्षेत्रिय बीउविजन प्रयोगशालाको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

**११. जिल्ला पशु आहारा विकास समन्वय समितिको काम, कर्तव्य र अधिकार** :समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) उपयुक्त सहकार्य संस्था छनौट गरी सामुदायिक पशु आहारा विकास केन्द्र स्थापना गर्ने र होर्डिङ बोर्ड राख्ने ।

(ख) बीउ, बेर्ना खरिद वितरण समितिको निर्णय र जि.प.से.का.को समन्वयबाट गर्ने/गराउने ।

**अनुसुचि ९ बमोजिम जि.प.से.का. ले तयार गरेको खरिद योजना अनुमोदन गर्ने ।**

(ग) बीउ खरिदपूर्व बीउको गुणस्तर सम्बन्धीत प्रयोगशालाबाट जाँच गरेरे मात्र खरिद वितरण गर्ने ।

(घ) सामुदायिक पशु आहारा विकास केन्द्र संचालन गर्ने संस्थाहरुसंग अनुसूची ५ बमोजिम सम्झौता गर्ने ।

(ङ) सामुदायिक पशु आहारा विकास केन्द्र /कृषक समूह/समिति/सहकारी मार्फत कति क्षेत्रफलमा घांस विकास गर्ने सो निर्णय गरी सोही अनुसार बीउ/बीरुवा/सेट्स उपलब्ध गराउने ।

(च) न्यूनतम ऋचष्तभचष्ब पुरा गर्ने सामुदायिक पशु आहारा विकास केन्द्र /कृषक समूह/समिति/सहकारीलाई सम्बन्धीत उत्पादन सामग्री/उपकरणहरु उपलब्ध गराउँदा यस समन्वय समितिको निर्णय गराएर मात्र उपलब्ध गराउने । यसको लागि घांस विकास सम्भव्यता, घांस तथा बीउ उत्पादनमा कृषकहरुको अग्रसरता, संलग्नता, व्यवसायिकपन र पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रमको सफलताका आधारलाई मध्यनजर गरी छनौट गरी वितरण/सहकार्य गर्ने ।

(छ) जिल्लामा स्थापित सामुदायिक पशु आहारा विकास केन्द्रहरुको स्थलगत अनुगमन (अनुसूचि ७ बमोजिम) गर्ने ।

(ज) स्थानीय निकायहरुसँग समन्वय गरी सामुदायिक घांसेबाली बीउकोषमा आर्थिक सहयोग जुटाउन सहयोग गर्ने ।

(झ) घांसेबाली बीउ/बेर्ना उत्पादन गर्नेपकेट क्षेत्रहरुलाई कार्यक्रममा विशेष प्राथमिकता दिने ।

(ञ) हरियो घांस तथा बीउ उत्पादन विशेष क्षेत्र जस्तै : सामुदायिक बन, कवुलियत बन, अन्य उपभोक्ता कृषक/समूह/समिति/सहकारीलाई प्राथमिकता दिने ।

(ट) कार्य प्रगतिको चौमासिक समीक्षा गरी सुधार गर्ने ।

## परिच्छेद ४
## सेवा संचालन सम्बन्धी

**१२. सेवा संचालन प्रकृया :**

(क) यस कार्यक्रम बमोजिमको सेवा संचालन प्रकृया देहाय बमोजिमको हुनेछ :

१) स्थानीय गाई, भैंसीको वाहुल्यता भएको गा.वि.स.हरुलाई पकेट क्षेत्रको रुपमा छनौट गर्ने ।

२) जिल्ला पशु सेवा कार्यालय संग सम्बन्धित कार्यक्रम संचालन गर्न इच्छुक स्थानीय निकाय, गैरसरकारी संस्था, दुग्ध उत्पादक सहकारी संस्था, बन उपभोक्ता समूह, दुग्ध चिस्यान केन्द्रहरु, घांस विकास श्रोत केन्द्र, पशुपालन समूह/समिति/सहकारीकोछनौट गरि स्थापना गरिएको सामुदायिक पशु नश्ल सुधार केन्द्र संचालक समितिलाई नै सामुदायिक पशु आहारा विकास केन्द्र संचालक समिति (दफा १३ (ग) बमोजिम) को रुपमा संचालन गर्ने ।

३) उपदफा (२) बमोजिम छनौट भएका निकायसंग आवश्यक सम्झौता गरी सेवा संचालन गर्ने ।

४) जिल्ला पशु सेवा कार्यालयबाट बाह्रै महिना हरियो घांस आपूर्तिका कार्यक्रम, हे तथा साइलेज बनाउने कार्यक्रम, कृषि उपपदार्थको प्रयोग, युरिया मोलासेस मिनरल ब्लक तयार गर्ने कार्यक्रम तथा घांसको श्रोत केन्द्र सुदृढिकरण गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

५) फार्मको वाहृय क्षेत्रमा घांसेबाली बीउ उत्पादन कार्यक्रम कृषक समूह/समितिसंग कन्ट्रयाक्ट फार्मिङको लागि सम्झौता गरेर संचालन गर्ने ।

(ख) सेवा संचालन सम्बन्धी अन्य प्रकृया अनुसूची ३ मा तोकिएए बमोजिम हुनेछ ।

**१३. सामुदायिक पशु आहारा विकास केन्द्र मार्फत कार्यक्रम संचालन गरिने :**

(क) सामुदायिक पशु प्रजनन् केन्द्र स्थापना भएको वाहेक स्थानमा यस अभियान कार्यक्रम अन्तर्गत पशु आहारा विकासको लागि सामुदायिक पशु आहारा विकास केन्द्र स्थापना गरी संचालन गर्न सकिनेछ । यसरी सामुदायिक पशु आहारा विकास केन्द्र स्थापना गर्दा घांस विकास पकेट क्षेत्र, घांस विकासको लागि संभावित क्षेत्र, सामुदायिक बन, कवुलियत बन, सार्वजनिक जग्गा उपलब्ध हुने क्षेत्र, निजी जग्गामा घांस विकास सम्भावित क्षेत्रलाई समेटी त्यस क्षेत्रमा पुर्व स्थापीत सम्बन्धीत कृषक समूह/समिति/सहकारीको प्रतिनिधित्व रहने गरी कार्यक्रम संचालन गर्न सकिनेछ ।

(ख) स्थानीय स्तरमा सेवा संचालन गर्न तथा दफा १३(क) बमोजिमको केन्द्र संचालनको लागि देहाय अनुसारको सामुदायिक पशु आहारा विकास केन्द्र संचालक समिति रहनेछ :

१) अधयक्ष, सहकार्य गर्ने संस्था संयोजक

२) सचिव, सहकार्य गर्ने संस्था सदस्य

३) कोषाध्यक्ष, सहकार्य गर्ने संस्था सदस्य

४) प्रतिनिधि, स्थानीय निकाय सदस्य

५) प्रमुख, सम्बन्धीत सम्बन्धीत पशु सेवा/उपकेन्द्र

६) प्रतिनिधि, कृषक समूह/समिति/सहकारी सदस्य

७) कृत्रिम गर्भाधानकर्ता/सम्बन्धीत प्राविधिक सदस्य सचिव

आवश्यकता अनुसार आमन्त्रित सदस्य राख्न सकिनेछ ।

(ग) उपदफा (ख) बमोजिम गठित सामुदायिक पशु आहारा विकास केन्द्र संचालक समितिको काम, कर्तव्य र अधिकार :

१) सामुदायिक पशु आहारा विकास केन्द्र संचालन गर्न अनुसूचि ५ बमोजिम सम्झौता गर्ने ।

२) सम्झौता अनुसार सामुदायिक पशु आहारा विकास केन्द्र स्थापना गरी कार्यक्रम संचालन गर्ने ।

३) स्थानीय निकायहरुसंग समन्वय गरी आर्थिक सहयोग जुटाउन पहल गर्ने ।

४) संचालन गरिएका कार्यक्रमको सम्पूर्ण अभिलेख व्यवस्थापन गर्ने ।

५) प्राविधिकको पारिश्रमिक निर्धारण गर्ने ।

६) कार्य प्रगति जिल्ला पशु सेवा कार्यालयमा पठाउने ।

७) जिल्ला पशु सेवा कार्यालय/पशु सेवा केन्द्र,/उपकेन्द्र/सम्बन्धित निकायले तोकेको अन्य कार्य गर्ने ।

(घ) सामुदायिक पशु आहारा विकास केन्द्र संचालनको लागि आर्थिक कारोबार गर्न नजिकैको बैंकमा अध्यक्ष, सचिव, कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट संचालन हुने गरी खाता खोल्न सकिने छ र उपलब्ध अनुदान सहयोग उक्त खातामा जम्मा गरी उपदफा (ग) बमोजिम आवश्यक खर्च गर्न सकिनेछ ।

(ङ) सामुदायिक पशु आहारा विकास केन्द्र संचालनको लागि नेपाल सरकारले सालबसाली कार्यक्रम राखी आवश्यक बजेट तथा कार्यक्रम मार्फत अनुदान उपलब्ध गराउन सक्नेछ ।

१४. **सेवा शुल्क नलाग्ने :**यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएतापनि सरकारी कार्यालय तथा निकायबाट सेवा प्रदान गर्न सेवा प्रदायकले कुनै पनि प्रकराको सेवा शुल्क लिन पाउने छैन ।

१५. **अनुगमन तथा मुल्यांकन :**कार्यक्रमको संचालन एवं प्रभावकारिताको बारेमा जिल्ला पशु सेवा कार्यालय, क्षेत्रीय पशु सेवा निर्देशनालय, राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र/चरन तथा घांसेबाली बीउ बृद्धि फार्महरु, राईजोवियम तथा बीउ विजन प्रयोगशाला र पशु उत्पादन निर्देशनालय समेतले आपसी समन्वय गरी आवधिक रुपमा सेवा संचालनको अनुगमन गरी सोको प्रतिवेदन पशु उत्पादन निर्देशनालय र पशु सेवा विभागमा पेश गर्नु पर्नेछ ।

१६. **कार्यक्रममा संलग्न निकायहरुको भूमिका :**कार्यक्रम संचालनको क्रममा स.लग्न विभिन्न निकायहरुको भूमिका तथा दायित्व अनुसूची २ मा उल्लेख गरिएको छ र त्यस्तो दायित्व पुरा गर्नु सम्बन्धीत सबैको कर्तव्य हुनेछ ।

१७. **तालीम तथा गोष्ठीको संचालन :**स्वीकृत वार्षिक कार्यक्रम अनुसार केन्द्रीय, जिल्ला र गाउँ वा नगर स्तरीय तालिम तथा गोष्ठीमा पेश हुने कार्यपत्र, भौतिक सामाग्री, अन्य आवश्यक प्रयोजनको लागि बजेट व्यवस्था नेपाल सरकारको स्वीकृत मापदण्ड (नर्मस्) बमोजिम हुनेछ ।

१८. **निर्देशिकाको व्याख्या :**कार्यक्रम कार्यान्वयनको सिलसिलामा यस निर्देशिकाको कुनै प्रावधानले कुनै वाधा अड्चन आएमा वा निर्देशिकाले स्पष्ट रुपमा व्यवस्था नगरेमा त्यसको व्याख्यागर्ने तथा स्पष्ट गर्ने अधिकार केन्द्रीय समन्वय समिति वा आवश्यकता अनुसार निर्देशिका सिकृत गर्ने निकायमा निहित रहनेछ ।

१९. **अनुसूचिबमे व्यवस्था तथा संशोधन :**आवश्यकता अनुसार अनुसूचिहरुको हेरफेर तथा संशोधन केन्द्रीय समन्वय समिति वा निर्देशिका स्वीकृत गर्ने निकायले गर्ने छ ।

२०. **खरिद योजना :** कार्यक्रम कार्यान्वयन गर्ने जिल्ला पशु सेवा कार्यालयले जिल्लामा रहेको सार्वजनिक खरिद इकाई मार्फत अनुसूचि ९ बमोजिम खरिद योजना बनाई घांसको बीउ विरुवा सेट्स खरिदको लागि कार्य गर्नुपर्नेछ ।

## परिच्छेद ५
## विविध

**२१. अनुगमन तथा मुल्यांकन व्यवस्था :**

कृषि विकास मन्त्रालय, पशु सेवा विभाग, क्षेत्रीय पशु सेवा निर्देशनालयहरु, सम्बन्धीत राष्ट्रिय कार्यक्रमहरुबाट आवश्यकता अनुसार एवं सम्बन्धीत निर्देशनालय र जिल्ला पशु सेवा कार्यालयहरुबाट नियमित अनुगमन गरिनेछ ।

**२२. कार्वाहीको व्यवस्था :**प्रस्ताव स्विकृत भई सम्झौता गरिएको साझेदार संस्थाबाट स्विकृत प्रस्ताव तथा सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिने छ ।

२३. **प्रचलित कानुन लागु हुने :**"पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम संचालन निर्देशिका, २०७० (प्रथम संशोधन, २०७१)" कार्यालयको सम्बन्धमा यसै निर्देशिका बमोजिम तथा उल्लेख नभएको हकमो प्रचलित कानुनमा उल्लेख भए बमोजिम हुनेछ ।

२४. यस निर्देशिकामा उल्लेख भएको अनुदान सम्बन्धी व्यवस्था नेपाल सरकारबाट तोकिएको आ.व. मा भएको बजेटको उपलब्धता अनुसार हुनेछ । सबै कार्यक्रमहरु विनियोजित बजेट र स्विकृत कार्यक्रमको परिधिभित्र रही संचालन गर्नु पर्नेछ ।

२५. **निर्देशिका संशोधन परिमार्जन तथा खारेजी :** केन्द्रीय समन्वय समितिबाट सिफारिश भई भए बमोजिम पशु उत्पादन निर्देशनालय मार्फत पशु सेवा विभागको सिफारिसमा यस निर्देशिकामा आवश्यकता अनुसार परिमार्जन, संशोधन तथा खारेजी गर्ने अधिकार निर्देशिका स्विकृत गर्ने निकायमा निहित रहनेछ ।

२६. **वहुवर्षे कार्यक्रमको सम्बन्धमा :**२ वा सो भन्दा बढी आ. व. मा संचालन हुने कार्यक्रमहरुको हकमा अर्को वर्षका लागि आर्थिक दायित्व नसार्न विनियोजित बजेटको परिधिभित्र रही कार्यक्रमहरु संचालन गरिने छ ।यस्ता कार्यक्रमको सन्दर्भमा आगामी आर्थिक वर्षमा नेपाल सरकारको प्राथमिकता, विनियोजित बजेट, बजेटको उपलब्धता अनुसार आवश्यकता बमोजिम पुनः सम्झौता गरी कार्यक्रम संचालन गनै सकिनेछ ।

## अनुसुचि १
## कार्यक्रम संचालन गरिने जिल्लाहरु

१. प्रथम चरण (आ.व. २०७०/०७१) (२५ जिल्ला)
- पूर्वाञ्चल - झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा
- मध्यमाञ्चल - धनुषा, महोत्तरी, सर्लाही, बारा, मकवानपुर, चितवन, नुवाकोट, काठमाडौं, काभ्रे, रामेछाप
- पश्चिमाञ्चल - नवलपरासी, रुपन्देही, कपिलबस्तु, तनहुँ, कास्की
- मध्यपश्चिमाञ्चल - बाँके, बर्दिया, दाङ
- सुदुरपश्चिमाञ्चल - कैलाली, कञ्चनपुर

२. दोश्रो चरण (आ. व. २०७१/०७२) (१० जिल्ला)
- पूर्वाञ्चल - इलाम
- मध्यमाञ्चल - धादिङ, रौतहत, सिन्धुली, पर्सा, ललितपु, भक्तपुर
- पश्चिमाञ्चल - पाल्पा, बाल्गुङ
- मध्यपश्चिमाञ्चल - सुर्खेत

३. तेश्रो चरण (आ.व. २०७२/०७३) (५ जिल्ला)
- पूर्वाञ्चल - धनकुटन, उदयपुर
- पश्चिमाञ्चल - स्याङजा, अर्घाखाँची, गोरखा

## अनुसूची २
## कार्यक्रम संचालन सम्बन्धमा विभिन्न निकायको भूमिका र दायित्व

**१. कार्यक्रम संचालक सहकार्य संस्थाको जिम्मेवारी :**

१. जिल्ला पशु सेवा कार्यालयसंग भएको सम्झौता अनुरुप कार्यक्रम संचालन गर्ने ।
२. यातायात सुविधा भएको वा पायक पर्ने ठाउँमा सामुदायिक पशु आहारा विकास केन्द्र स्थापना गर्ने ।
३. सामुदायिक पशु आहारा विकास केन्द्रको साइनबोर्ड सबैले देख्ने गरी राख्ने ।
४. सामुदायिक पशु प्रजनन् केन्द्रमा कार्यरत प्राविधिक/जे.टी./जेटी.ए. लाई नै पशु आहारा उत्पादन एवं विकास सम्बन्धी थप जिम्मेवारी प्रदान गर्ने ।
५. सामादायिक पशु आहारा विकास केन्द्र संचालनको लागि आर्थिक श्रोत जुटाउने ।
६. घासको बीउ वितरण गर्दा सहकार्य संस्थाका सदस्यहरुबाट बीउको लागतको १० प्रतिशत रकम उठाई सामुदायिक पशु आहारा विकास केन्द्रमा जम्मा गर्ने ।
७. आफ्नो इलाकाको पशु सेवा केन्द्र/उपकेन्द्रसंग नियमित सम्पर्क एवं समन्वयमा रहने ।
८. स्थानीय जातका घासहरु सम्रक्षण संवर्द्धन गर्न र उन्नत जातका घा.स लगाउन प्रात्साहन गर्ने ।
९. संभाव्य क्षेत्रमा बृहत घांस विकास कार्यक्रम संचालन गर्नको लागि प्योकजको रुपमा अभिमुखीकरण, स्थलगत तायलिम, बीउमल, सिंचाई, बजारव्यवस्था सम्बन्धी कार्यक्रम संचालन गर्ने ।
१०. मासिक रुपमा तोकिएको ढाँचामा प्रगति विवरण भरि (सम्बन्धीत पशु सेवा केन्द्र/उपकेन्द्र मार्फत वा प्राविधिकले आफै) जिल्ला पशु सेवा कार्यालयमा पठाउने ।

**२. पशु सेवा केन्द्र/उपकेन्द्रको जिम्मेवारी :**

१. आफ्नो कार्यक्षेत्रको मातहतमा रहेका सामुदायिक पशु आहारा विकास केन्द्र तथा निजी घांसको श्रोत केन्द्रहरुलाई नियमित निरिक्षण, अनुगमन तथा आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने ।
२. पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम संचालन गर्न कुनै किसिमको अप्ठ्यारो आइ परे वा कुनै सल्लाह सुझाव भए जिल्ला पशु सेवा कार्यालयलाई समयमै खबर गर्ने ।
३. बाह्रै महिना हरियो घांस उत्पादन, हे साइलेज र युरिया मोलासेस मिनरल ब्लक तयार गर्ने बारे स्थानीय स्तरमा सम्बन्धीत सरोकारवालाहरुलाई उत्प्रेरणा प्रदान गरी कार्यान्वयनमा सहयोग गर्ने ।
४. सामुदायिक तथा निजि पशु आहारा विकास केन्द्रहरुबाट मासिक प्रगति संकलन गरी जि.प.से.का.मा मासिक प्रगति प्रतिवेदन पठाउने ।

**३. जिल्ला पशु सेवा कार्यालयको जिम्मेवारी :**

१) सामुदायिक पशु प्रजजन् केन्द्र स्थापना भई पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रम संचालित क्षेत्रहरुमा उक्त केन्द्रलाई आवश्यक परेमा पुनर्गठन गरी सामुदायिक पशु आहारा विकास केन्द्रको रुपमा समेत कार्य गर्न जिम्मेवारी दिने ।
२) सहकार्यका लागि छानिएका संस्थाको विवरणहरु (अनुसूची ४अनुसार) तयार गर्ने र सामुदायिक पशु आहारा विकास केन्द्र संचालन गर्नको लागि (अनुसूची ५ अनुसार) सम्झौता गर्ने ।
३) जिल्ला पशु आहारा विकास समन्वय समितिबाट निर्णय भए बमोजिम सामुदायिक पशु आहारा विकास केन्द्र/कृषक/समूह/समिति/सहकारी मार्फत घांस विकास कार्यक्रम संचालन गर्ने ।
४) जिल्ला समन्वय समितिको निर्णय अनुसार बीउ/बेर्ना/स्लीपको गुणस्तर सम्बन्धित बीउ बीजन प्रयोगशालाबाट जाँच गराएर मात्र खरिद वितरण कार्य गर्ने/गराउने ।
५) बीउ बिरुवा सेटस् खरिदको लागि अनुसूची ९ बमोजिमको फर्मेटमा खरिद योजना तयार गरी जिल्ला समन्वय समितिबाट अनुमोदन गर्ने र सो को जानकारी राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र, हरिहरभवन लाई गराएर मात्र खरिद कार्य शुरु गर्ने ।
६) खरिद गरेको घांसको बीउ वितरण गर्दा सामुदायिक पशु आहारा विकास केन्द्र/सहकार्य गर्ने संस्थाका सदस्यहरुबाट बीउको लागतको १० प्रतिशत रकम उठाई सामुदायिक पशु आहारा विकास केन्द्रमा जम्मा गर्ने/गराउने ।
७) जिल्ला पशु आहारा विकास समन्वय समितिको निर्णय अनुसार न्युनतम ऋचष्तभचष्ब पुरा गर्ने सामुदायिक पशु आहारा विकास केन्द्र/कृषक/समूह/समिति/सहकारीलाई सम्बन्धीत उत्पादन सामाग्री/उपकरणहरु उपलब्ध गराउने । यसको लागि घांस विकास सम्भाव्यता, घांस तथा बीउ उत्पादनमा कृषकहरुको अग्रसरता, व्यवसायिकपन र पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रमको सफलताका आधारलाई मधयनजर गरी छनौट गरी वितरण/सहकार्य गर्ने ।
८) च्याफकटर, हे तथा साईलेज बनाउने सामाग्रीसिड वीन, युरिया मोलासेस मिनरल ब्लक बनाउने सामाग्री सिलिङ मेसिन, बीउ सफा गर्ने उपकरण, रिकर्डिङ फारम, रजिष्टर सम्बन्धित केन्द्रहरुलाई उपलब्ध गराउने ।
९) घांसेबाली तथा बीउ उत्पादन कार्यक्रमलाई जिल्लामा सञ्चालित पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रमसंग समन्वय गरी लैजाने ।
१०) घांसेवाली उत्पादन श्रोत कृषक/समूह/समिति/सहकारीमा आवश्यकता अनुसार व्यवसायिक बीउ उत्पादन कार्यक्रम संचालन गर्ने ।
११) बाह्रै महिना हरियो घांस आपूर्तिका कार्यक्रम, हे तथा साइलेज बनाउने कार्यक्रम, युरिया मोलासेस मिनरल ब्लक तयार गर्ने कार्यक्रम तथा घांसका श्रोत केन्द्र सुदृढीकरण गर्ने कार्यक्रम सञ्चालन गर्ने ।
१२) सामुदायिक पशु आहारा विकास केन्द्रहरुको प्रत्येक चौमासिकमा एक पटक अनिवार्य स्थालगत अनुगमन निरिक्षण गरि प्रतिवेदन पेश गर्ने तथा समय समयमा उक्त केन्द्रहरुलाई आवश्यक सल्लाह सुझाव दिने ।
१३) स्थानीय संचार माध्यमहरुबाट पशु आहारा सम्बन्धी जनचेतनामुलक प्रचार प्रसार कार्यक्रमहरु संचालन गर्ने ।

१४) जिल्लामा संचालित सबै पशु आहारा विकास केन्द्रहरुको भिन्दाभिन्दै तथा एकमुष्ठ प्रगति संयोग गरी सम्बन्धती महिनाको १ गतेभित्र अनिवार्य रुपमा मासिक, चौमासिक, बार्षिक प्रगति प्रतिवेदन राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र तथा सम्बन्धीत क्षे.प.से.नि.मा पठाउने ।

**४. चरन तथा बीउ वृद्धि फार्महरुको जिम्मेवारी :**

१) राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र र नेपाल कृषि अनुसन्धान परिषदसंग समन्वय गरी अन्य मुलुकबाट प्रजनन्/मुल बीउ मगाउने, त्यसबाट फार्ममा मुल बीउ उत्पादन गरी कृषकहरुको माग बमोजिम आपूर्ति गर्ने ।

२) फार्मलाई क्षेत्रको माग बमोजिम घांसको बीउको श्रोतकेन्द्रहरुको रुपमा स्थापीत गर्नको लागि बृहत रुपमा घांसेबाली बीउ उत्पादन कार्यक्रम संचालन गर्ने ।

३) फार्म क्षेत्रका कृषकहरुलाई घांसेबाली तथा बीउ उत्पादनमा सबल, सक्षम बनाउन फार्म वाह्यक्षेत्रमा घांस विकास र बीउ उत्पादन कार्यक्रम संचालन गर्ने ।

४) फार्मको आवश्यक भौतिक संरचना सुदृढिकरण तथा कार्यक्षमता अभिवद्धि गर्ने ।

**५. राईजोबियम प्रयागशालाको जिम्मेवारी :**

१. कार्यक्रमको अतिरिक्त माग बमोजिम जैविक मल उत्पादन तथा वितरणमा जोड दिने ।

२. गुणस्तरीय बीउ उत्पादनमा टेवा पुर्‍याउन नमूना संकलन, प्रयोगशाला परिक्षण सेवालाई विस्तार गर्ने ।

३. प्रयोगशालाको आवश्यक भौतिक संरचना सुदृढिकरण तथा कार्यक्षमता अभिवृद्धि गर्ने ।

**६. राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रको जिम्मेवारी :**

१) कार्यक्रमको प्रमुख संयोजकको रुपमा काम गर्ने ।

२) अभियान सफल पार्न आवश्यक पर्ने सामाग्री/पकरणहरु खरिद गरी सम्बन्धित जिल्ला तथा केन्द्रहरुलाई उपलब्ध गराउने ।

३) जनचेतना अभिवृद्धिको कार्यक्रमहरु संचालन गर्ने/गराउने ।

४) सेवा प्रदायक प्राविधिको लागि आवश्यक प्रचार प्रसार सामाग्री, प्रकाशन, डायरी एवं पशु आहारा सम्बन्धी तालिमको व्यवस्था गराउने ।

५) आवश्यकता अनुसार जिल्लाहरुलाई प्राविधिक परामर्श तथा अन्य सल्लाह सुझाव दिने ।

६) कार्यक्रम अनुसार उत्कृष्ठ सामुदायिक पशु आहारा विकास केन्द्र तथा प्राविधिक, सुपरिवेक्षक, जि.प.से.का. तथा कर्मचारीहरुलाई पुरस्कारको लागि सिफारिस गर्ने ।

७) गुणस्तरीय बीउ उत्पादनको लागि नेपाल कृषि अनुसन्धान परिषदको संलग्नतामा मुल बीउ खरिद गरि फार्म तथा श्रोत केन्द्रहरुलाई उपलब्ध गराउने ।

८) घांस विकास तथा बीउ उत्पादन, पशु आधारा सुधार, कृषि उपपदार्थहरुको उपयोगिता तथा पौष्टिकता वृद्धि सम्बन्धी तालिमहरु संचालन गर्न पशु सवा तालिम तथा प्रसार निर्देशनालयसंग समन्वय गर्ने ।

९) सरोकारवालाहरुलाई संलग्न गराई चौमासिक तथा वार्षिक रुपमा समिक्षा गोष्ठी गर्ने ।

१०) कार्यक्रम संचालन गर्न आवश्यक पर्ने मेसिनरी औजार सामाग्रीहरुको खरिदको लागि आवश्यक प्रक्रियाहरु पुरा गरी खरिद गर्ने/गराउने ।

११) अपेक्षित उपलब्धी प्राप्तीका लागि जिल्ला पशु सेवा कार्यालय तथा पशु आहारा विकास केन्द्रहरुको नियमित अनुगमन, सुपरिवेक्षण गने/गराउने र सो को प्रतिवेदन पशु उत्पादन निर्देशनालयमा पठाउने ।

१२) कार्यक्रमको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन संगोग गरि महिना सकिएको पाँच दिनभित्र पशु उत्पादन निर्देशनालयमा पठाउने ।

**७. क्षेत्रीय पशु सेवा निर्देशनालयहरुको जिम्मेवारी :**

१) कार्यक्रम सफलतापुर्वक सम्पन्न गर्न जिल्ला पशु सेवा कार्यालयहरुलाई आवश्यक निर्देशन दिने ।

२) जिल्लामा संचालित पशु आहारा सुधार अभियान कार्यक्रमको निरिक्षण अनुगमन गरी सोको प्रतिवेदन चौमासिक रुपमा आवश्यक सुझाव सहित राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र र पशु उत्पादन निर्देशनालयमा पठाउने ।

३) पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रमको क्षेत्रगत रुपमा चौमासिक र वार्षिक प्रगति विवरण तयार पारी राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र र पशु उत्पदन निर्देशनालयमा पठाउने ।

**८. पशु सेवा तालिम तथा प्रसार निर्देशनालयको जिम्मेवारी :**

१) सामुदायिक पशु प्रजजन केन्द्रका प्राविधिकहरुलाई राष्ट्रिय चरन तथा पशु आहारा कन्द्रसंगको समन्वयमा पशु आहारा सम्बन्धी तालिम प्रदान गर्ने ।

२) कार्यक्रम अर्न्तगत संचालित तालिमको प्रतिवेदन पशु उत्पादन निर्देशनालयमा पठाउने ।

३) तालिम पाठ्यक्रम, सहभागी छनौट तथा तालिम विधिमा आवश्यक परिमार्जन गर्ने ।

४) अभियान कार्यक्रम अन्तर्गत संचालित तालिम कार्यक्रमको मासिक, चौमासिक र बार्षिक प्रगति विवरण राष्ट्रिय चरन तथा पशु आहारा केन्द र पशु उत्पादन निर्देशनालयमा पठाउने ।

९. पशु उत्पादन निर्देशनालयको जिम्मेवारी :

१) कार्यक्रमको कार्यविधि र निर्देशिका तयार गरी स्किृत गराउने र कार्यान्वयनमा ल्याउने ।

२) स्विकृत कार्यविधि र निर्देशिका अनुसार कार्यक्रम बजेट र अख्तियारी स्विकृत गराई सम्बन्धीत कार्यालयहरुलाई पठाउने ।

३) कार्यक्रम कार्यान्वियन गर्न सम्बन्धीत निर्देशनालय, विभाग, मन्त्रालय र अन्य सरोकारवाला निकायहरुसंग समन्वय गर्ने ।

४) कार्यक्रम कार्यान्वयनको प्रमुख केन्दीय निकायको नाताले अनुगमन र मुल्यांकन गर्ने/गराउने तथा विभिन्न निकायबाट प्राप्त अनुगमन प्रतिवेदन अनुसार सम्बन्धीत निकायहरुलाई सुधारको लागि पृष्ठपोषण गर्ने ।

५) कार्यक्रमको बार्षिक अद्यावधिक प्रतिवेदन तयार गरी सम्बन्धीत निकायमा पेश गर्ने/गराउने ।

६) कार्यक्रमको मासिक, चौमासिक र बार्षिक प्रगति विवरण संयोग गरी पशु सेवा विभाग र कृषि विकास मन्त्रालयमा पठाउने ।

**अनुसुची ३**
**सेवा संचालन प्रकृया**

| क्र.सं. | कार्यविधि | जिम्मेवारी | लाग्ने समय |
|---|---|---|---|
| १ | सम्भावित गा.वि.स.हरुका स्थानीय निकाय, गै.स.सं., सहकारी संस्था, उपभोक्ता समिति, पशु पालक समूह तथा दफा १० अनुसार गठित जिल्ला पशु आहारा विकास समन्वय समितिको बैठकबाट सहकार्य संस्थाको छनौट गर्ने । | जिल्ला पशु सेवा कार्यालय, जिल्ला पशु आहारा विकास समन्वय समिति | १ दिन |
| २ | छनौट भएका सहकार्य संस्था तथा सामुदायिक पशु आहारा विकास केन्द्र संचालन गरिने स्थानको स्थलगत निरिक्षण गरी आवश्यक विवरणहरु अनुसुचि १ अनुसार तयार पार्ने । | जिल्ला पशु सेवा कार्यालय, जिल्ला पशु आहारा विकास समन्वय समिति | ७ दिन |
| | छनौट भएका संचालक संस्थाहरुसंग अनुसूचि ५ अनुसार द्विपक्षीय सम्झौता सम्पन्न गर्ने । | जिल्ला पशु सेवा कार्यालय | २ दिन |
| | राष्ट्रिय पशु प्रजनन् केन्द्र मार्फत संचालित सामुदायिक पशु प्रजनन् केन्द्रमा कार्यरत प्राविधिकलाई पशु आहारा विकास तथा घांसेवाली सम्बन्धी तालिम गराउने । | राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र र तालिम तथा प्रसार निर्देशनालय | १५ दिन |
| | पशु आहारा विकास, घांस उत्पादन, बीउ उत्पादन गर्नको लागि सिडवीन, हे एवं साइलेज बनाउने सामाग्री, सिलङ मेसिन, बीउ सफा गर्ने उपकरण, हे बाइन्डर, प्याकेजिङ मेसिन, नर्सरी सामाग्री, स्प्रेयर, युरिया मोलासेस मिनरल ब्लक (UMMB) तयार गर्ने मेसिन, च्याफकटर, हार्भेष्टर, सीड ग्रेडर, सिड थ्रेसर रिकर्डिङ फाराम, रजिष्टर (मुल्य रु. १,००,०००/- सम्म पर्ने सामाग्री/उपकरण) अनुदान दिने । | राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र/जि.प.से.का | ७ दिन |
| ६ | सामुदायिक पशु आहारा विकास केन्द्र/कृषक/समूह/समिति/सहकारी/नीजि फर्म/कम्पनीलाई घांस उत्पादनको लागि बीउ उपलब्ध गराउदा लागत मुल्यको ९० प्रतिशत सरकारी अनुदान र १० प्रतिशत संचालक संस्था/निजी फर्म/कम्पनीले व्यहोर्ने गरी उपलब्ध गराउने तथा श्रोतकेन्द्रहरुमा घांसको बीउ/बेर्ना/सेट्स उपादनको लागि निःशुल्क बीउ, मल, औषधि उपलब्ध गराउने । | राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र/चरन तथा घांसेबाली बीए वृद्धि फार्म/जि.प.से.का. | १५ दिन |
| ७ | सामुदायिक पशु आहारा विकास केन्द्रहरुको दीगो संचालनको लागि उक्त केन्द्रको नाममा संयुक्त हस्ताक्षर सहित बैंक खाता संचालन गर्ने र सोही रकम मार्फत कार्यक्रम परिचालन गर्ने । कार्यक्रमबाट अनुदान स्वरुप रकम उपलब्ध गराउने र सहयोगी निकायलाई समेत रकम उपलब्ध गराउन प्रोत्साहन गर्ने । | सम्बन्धित संस्था, जि.प.से.का., क्षे.प.से.नि. | ७ दिन |
| ८ | स्थानीय कच्चा पदार्थहरुको प्रयोग गरी समुदायमा युरिया मोलासेस मिनरल ब्लक (UMMB)तयार गर्नको लागि आवश्यक सामाग्रीहरु एक पटकको लागि अनुदानमा उपलब्ध गराई पुरक पशु आहारको रुपमा UMMB तयार गर्ने । | जि.प.से.का./रा.च.प.आ.के. | आवश्यकता अनुसार |
| ९ | घांसेवाली तथा बीउ उत्पादन कार्यक्रममा सिचाईं सुविधाको लागि आवश्यक सामाग्री/उपकरणहरु (पम्पसेट, पाइप, मोटर, पोखरी, निर्माण), ट्रयाक्टर ड्रिभेन हार्भेष्टर, ट्रयाक्टर ड्रिभेन थ्रेसर, ट्रयाक्टर ड्रिभेन ग्रेडर, सिड ड्रिल कम फर्टिलाइजर मेसिन, ट्रयाक्टर ड्रिभेन च्याफकटर(मुल्य रु. १,००,०००/- रु. ३,००,०००/- सम्म पर्ने सामाग्री/उपकरण)हरु ७५ प्रतिशत सरकारी अनुदान र २५ प्रतिशत संचालक संस्था/निजी फर्म/कम्पनीको लगानीमा उपलब्ध गराउने । | जि.प.से.का. र राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र | आवश्यकता अनुसार |
| १० | कृषि उपपदार्थको पौष्टिकता वृद्धि गरी अधिकतम उपयोगको लागि टी.एम.आर. तयार गर्ने मेसिन, पशु आहारा तयार गर्न चपर, चपर कम ग्राइण्डर, ग्राइण्डर फीड मिक्सचर, कन्भेयर, फीड ब्लक तयार गर्ने मेसिन, हे बेलिङ मेसिन, पावर टीलर, कम्प्लीट फीड प्रोसोसिङ मेसिन, मोलासेस डोजिङ सिस्टम, ग्राइण्डर एण्ड मिक्स्चर, फोडर ब्लक मेकिङ मेसिन, हाइड्रोलिक कम्प्रेसर, बायोमास ब्रिकेटीङ मेसिन, एग्रो बेष्ट मेसिन र अन्य आवश्यक उपकरण/सामाग्री (रु. ३,००,०००/- भन्दा बढी मुल्य पर्ने सामाग्री/उपकरण) हरु ५० प्रतिशत सरकारी अनुदान र ५० प्रतिशत संचालक संस्था/निजी फर्म/कम्पनीको लगानीमा उपलब्ध गराउने । | जि.प.से.का. र राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र | आवश्यकता अनुसार |
| ११ | जिल्लामा पशु आहारा विकास सम्बन्धी कार्यक्रमहरु संचालन गर्दा जिल्ला पशु आहारा समन्वय समितिबाट सामुदायिक पशु आहारा विकास केन्द्र/कृषक समूह/समिति/सहकारीलाई कति क्षेत्रफलमा घांस विकास गर्ने सो निर्णय गरी सोही अनुसार बीउ/बिरुवा/सेट्स उपलब्ध गराउने । घांसको बीउ वितरण गर्दा सामुदायिक पशु आहारा विकास केन्द्र/कृषक समूहका सदस्यहरुबाट बीउको लागतको १० प्रतिशत रकम उठाई केन्द्रमा जम्मा गर्ने/गराउने । | जिल्ला पशु सेवा कार्यालय, जिल्ला पशु आहारा विकास समन्वय समिति, सामुदायिक पशु आहारा विकास केन्द्र | आवश्यकता अनुसार |
| १२ | जिल्लामा पशु आहारा विकास सम्बन्धी कार्यक्रम संचालन गर्दा सम्बन्धीत उत्पादन सामाग्री/उपकरणहरु न्यूनतम अचष्तभचष्ब पुरा गर्ने सामुदायिक पशु आहारा विकास केन्द्र/कृषक समूह/समिति/सहकारीलाई निशुल्क वा सहकार्यमा उपलब्ध | जिल्ला पशु सेवा कार्यालय, जिल्ला पशु आहारा विकास समन्वय समिति | आवश्यकता अनुसार |

| | | | |
|---|---|---|---|
| | गराउदा जिल्ला पशु आहारा समन्वय समितिबाट निर्णय गराएर मात्र उपलब्ध गराउने । यसको लागि घांस विकास सम्भाव्यता, घांस तथा बीउ उत्पादनमा कृषकहरुको अग्रसरता, संलग्नता, व्यवसायिकपन र पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रमको सफलताका आधारलाई मध्यनजर गरी छनौट गरी वितरण/सहकार्य गर्ने । | | |
| १३ | अभियान कार्यक्रमको समेत अनिवार्य रुपले सार्वजनिक सुनुवाई तथा जनलेखा परिक्षण गराउने । | जि.प.से.का. | १ दिन |
| १४ | जिल्लामा स्थापित प्रत्येक सामुदायिक पशु आहारा विकास केन्द्रले वर्षे, हिउँदे, बहुवर्षे, डाले घांस लगाइएको, घांसेबालीको बीउ उत्पादन, हे साइलेज, UMMB उत्पादनको नियमित अभिलेख राखी महिनाको ३० गतेभित्र अनिवार्य रुपमा सम्बन्धित जि.प.से.का. मा प्रगति पठाउने । | सामुदायिक पशु आहारा विकास केन्द्र | महिनाको १ पटक |
| १५ | जिल्ला पशु सेवा कार्यालयहरुले प्रत्येक पश आहारा केन्द्रको भिन्दाभिन्दै तथा एकमुष्ठ कम्पाइल गरेर मासिक, चौमासिक र वाषिर्क प्रगति अनिवार्य रुपमा राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र र सम्बन्धीत क्षे.प.से.नि. मा पठाउने । | जि.प.से.का. | महिना १२<br>चौमासिक ३<br>अष्टमासिक १<br>वार्षिक १ |
| १६ | राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रले प्रत्येक जिल्लाको प्रगति विवरण एकमुष्ठ संयोग गरी (मासिक, चौमासिक र वार्षिक) महिनाको ७ गतेभित्र अनिवार्य रुपमा पशु उत्पादन निर्देशनालयमा पठाउने । | राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र | महिना १२<br>चौमासिक ३<br>अष्टमासिक १<br>वार्षिक १ |
| १७ | प्रत्येक क्षे.प.से.नि. ले कार्यक्रम सफलतापुर्वक संचालन गर्न गराउन आफ्नो मातहतका जि.प.से.का. तथा साझेदार संस्थाहरुको सहकार्यमा संचालित सामुदायिक पशु आहारा विकास केन्द्रको अनुगमन, निरिक्षण तथा पृष्ठपोषण गर्ने । | क्षे.प.से.नि. हरु | आवश्यकता अनुसार |
| १८ | क्षे.प.से.नि. ले सामुदायिक पशु आहारा विकास केन्द्र तथा जिल्लाको पशु आहारा विकास कार्यक्रमको अनुगमन निरिक्षण गरी राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र र पशु उत्पादन निर्देशनालयमा चौमासिक रुपमा समस्या र समाधानका उपायहरु सहित प्रतिवेदन दिने । | क्षे.प.से.नि. हरु | चौमासिक १ पटक |
| १९ | जिल्ला पशु सेवा कार्यालय तथा सामुदायिक पशु आहारा विकास केन्द्रहरुले यस अभियान कार्यक्रमबारे कुनै किसिमको थप जिज्ञासा तथा अन्य कुनै जानकारी चाहिएको अवस्थामा यस कार्यक्रमको प्रमुख संयोजक राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रमा सिधा सम्पर्क राख्ने । | जि.प.से.का. र राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र | आवश्यकता अनुसार |
| २० | घांसेवाली तथा बीउ उत्पादन गर्ने कृषक/समूह/समिति/सहकारीलाई प्रोत्साहन स्वरुप पुरस्कारको लागि सिफारिस गर्ने । | जि.प.से.का., क्षे.प.से.नि. र राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र | आवश्यकता अनुसार |
| २१ | जनचेतना अभिवृद्धिको लागि अभिमुखीकरण तथा विभिन्न किसिमका पर्चा, पम्पलेट, लिफलेट, तथा स्थानीय एफ.एम.हरुबाट कार्यक्रमबारे प्रचार प्रसार गर्ने । | जि.प.से.का., पशु उत्पादन निर्देशनालय र रा.च.प.आ.के. | आवश्यकता अनुसार |

**अनुसूची ४**

**सामुदायिक पशु आहारा विकास केन्द्र स्थापना गर्न चाहने संस्थाले सम्झौता पुर्व उपलब्ध गराउनुपर्ने विवरणहरु**

१. स्थानीय निकाय/संस्थाको नाम :

२. ठेगाना :

३. नजीकको कृ.ग. केन्द्रको विवरण :

४. सेवा प्रदायक/प्राविधिक(इन्सेमिनेटर)को नाम :

५. उपभोक्ता समूह वा अन्य सहकार्य संस्था भए सो को विवरण :

६. सेवा प्रदायक भई कार्य गर्ने संस्थासँग भएको सम्झौताको प्रतिलिपि :

७. सम्बन्धित पशु सेवा केन्द्र/उपकेन्द्रको विवरण :

८. गा.वि.स.को पशु तथ्यांक :

| पशु विवरण | कुल जम्मा | स्थानीय नश्ल | उन्नत नश्ल | दुहुना |
|---|---|---|---|---|
| गाई | | | | |
| भैसी | | | | |
| भेडा | | | | |
| बाखा | | | | |

९. नजिकको दुग्ध उत्पादक सहकारी संस्थाको नाम :

ठेगाना :

१०. घांस विकास गर्न सम्भाव्य जग्गाको क्षेत्रफल (हेक्टरमा) :

११. घांस विकास गर्न सम्भाव्य जग्गाको प्रकार :

१२. घांस खेती विषयगत प्राविधिको विवरण :

१३. घांस खेती योजना :

१४. कृषि उपपदार्थ उपयोग योजना :

१५. बैंक खाता संचालन भएको भए बैंकको नाम, खाता नं., खाताको किसिम र खातावालाहरुको नाम :

## अनुसूचि ५
## सामुदायिक पशु आहारा विकास केन्द्र संचालन गर्न संस्थासंग हुने सम्झौतापत्रको नमूना

जिल्ला पशु सेवा विभाग/पशु उत्पादन निर्देशनालय/राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रद्धारा जिल्ला पशु सेवा कार्यालय .............................. मार्फत संचालन गरिने चालु आ.ब. ................ को स्विकृत पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम संचालन गर्न जिल्ला पशु सेवा कार्यालय ............................................................ (यसपछि पहिलो पक्ष भनिने) र श्री ........................................................................................................................ (यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिलका सर्तनामाहरु मंजुर भई सामुदायिक पशु आहारा विकास केन्द्र स्थापना गरी कार्यक्रम सम्पन्न गर्न द्धिपक्षीय सम्झौता सम्पन्न भयो ।

**तपसिल**

(१) यो कार्यक्रम विशेष गरी पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रमसंग संगै अन्य सरोकारवाला संस्थासंग पशु आहारा विकास कार्यक्रम संचालन गरिने छ । तसर्थ सामुदायिक पशु प्रजनन केन्द्र संचालन गर्दा गरिने सम्झौता बमोजिमका शर्त अनुसार नै पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम संचालन गरिने छ ।

(२) कार्यक्रम संचालनको लागि अथवा सामुदायिक पशु आहारा विकास केन्द्र स्थापनको लागि आवश्यक जग्गा वा स्थानको व्यवस्था दोश्रो पक्ष स्वयंले गर्नु पर्नेछ ।

(३) कार्यक्रमको लागि चाहिने बीउ, मल, औषधि, स-साना उपकरणहरु प्रथम पक्षले अनुदान स्वरुप उपलब्ध गराउनेछ ।

(४) सामुदायिक पशु प्रजनन केन्द्रको लागि व्यवस्था गरिएको प्राविधिक ले नै सामुदायिक पशु आहारा विकास केन्द्रको लागि समेत काम गर्ने गरी वा नयाँ ठाउँमा सामुदायिक पशु आहारा विकास केन्द्रस्थापना गर्दा प्राविधिक (न्युनतम जे.टी.ए. पास) को व्यवस्था दोश्रो पक्ष स्वयंले गर्नु पर्नेछ ।

(५) दिगो रुपमा कार्यक्रम संचालनको लागि सम्बन्धीत संस्था दोश्रो पक्षले पशु आहारा विकास सम्बन्धी क्रियाकलापहरु संचालन गर्न नेपाल सरकारबाट स्विकृत बजेट कार्यक्रमको अधिनमा रही आर्थिक श्रोत व्यवस्थापन गर्ने र अन्य सहयोगी निकायबाट समेत सहयोगको लागि आवश्यक पहल गर्नुपर्नेछ ।

(६) पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम अन्तर्गत हरियो घांस तथा बीउ बेर्ना उत्पादन, हे र साइलेज बनाउने, कृषि उपपदार्थको उपयोग आदि कार्यक्रम प्रथम पक्षको समन्वयमा प्रभावकारी रुपमा संचालन गर्नुपर्नेछ ।

(७) दोश्रो पक्षले नियमित रुपमा सम्पूर्ण कार्यक्रमहरुको अभिलेख रजिष्टर खडा गरी व्यवस्थित तवरले राख्नुपर्नेछ ।

(८) कार्यक्रमको मासिक रुपमा प्रगति प्रतिवेदन निर्धारित ढाँचाा दोश्रो पक्षले प्रथम पक्षलाई अनिवार्य रुपले बुझाउनु पर्नेछ ।

(९) कुनै कारणबस कार्यक्रम संचालन हुन नसकेमा प्रथम पक्षबाट प्राप्त सम्पूर्ण उपकरण/सामाग्रीहरु दोश्रो पक्षले प्रथम पक्षलाई फिर्ता गर्नुपर्नेछ ।

(१०) यस सम्झौतामा उल्लेख नभएको अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम अथवा दुइ पक्षको आपसी सहमती अनुरुप हुनेछ ।

**प्रथम पक्षको तर्फबाट**

नाम :

पद :

दस्तखत :

मिति :

कार्यालयको छाप :

**दोश्रो पक्षको तर्फबाट**

नाम :

पद :

दस्तखत :

मिति :

संस्थाको छाप :

## अनुसूची ६
## अनुगमनको ढाँचा

(१) जिल्ला :
(२) सामुदायिक पशु प्रजनन केन्द्रको नाम र ठेगाना :
(३) संचालक संस्थाको नाम र ठेगाना :
(४) सेवा संचालन भएको साल र महिना :
(५) सेवा प्रदायकको नाम र तालिम लिएको साल :
(६) सामुदायिक पशु प्रजनन केन्द्र संचालनको लागि आर्थिक श्रोत विवरण
 जिल्ला पशु सेवा कार्यालयबाट प्राप्त रकम :
 सहकार्य संस्थाबाट प्राप्त रकम :
 अन्य संस्थाहरुबाट प्राप्त रकम :
 सेवा शुल्कबाट (२० प्रतिशत) रकम :
 कुल जम्मा रकम रु.
(८) सामुदायिक पशु प्रजनन केन्द्रबाट हालसम्म सहयोग प्राप्त गर्ने जम्मा कृषक संख्या :
(१०) सामुदायिक पशु आहारा विकास केन्द्रलाई सहयोग गर्ने अन्य संस्थाहरुको नाम र सहयोग रकम :
(११) घांस विकास कार्यक्रमको अभिलेख

| | **घांस विकास (हेक्टरमा)** | | | | |
|---|---|---|---|---|---|
| | **हिउँदे** | **वर्षे** | **बहुवर्षिय** | **डाले** | **जम्मा** |
| गत महिनासम्मको | | | | | |
| यस महिनाको | | | | | |
| जम्मा | | | | | |

(१२) हालसम्म लगाइएको घांसको विवरण :

| | **हिउँदे** | **वर्षे** | **बहुवर्षिय** | **डाले** |
|---|---|---|---|---|
| कोशे | | | | |
| अकोशे | | | | |
| स्थानीय घांस | | | | |

(१३) कृषि उपपदार्थ सुधार र उपयोगको लागि भएका प्रयासहरु :

(१४) अन्य सुझाव केही भए :

निरिक्षणकर्ताको नाम :

पद :

निरिक्षण मिति :

हस्ताक्षर :

सेवा प्रदायक वा संचालकको नाम :

मिति :

हस्ताक्षर :

**अनुसूची ७**

**कन्ट्रयाक्ट फार्मीङ कार्यक्रम मार्फत घाँसेवाली बीउ उत्पादन करार–पत्र**

तपसीलमा बीउ उत्पादक र उत्पादन समूह जिल्ला ................. गा.वि.स. र न.पा. ....................... वडा नं. .................. बस्ने .......................................................................... का छोरा/छोरी वर्ष .............. का श्री/श्रीमती ................................................................................... (यसपछि प्रथम पक्ष भनि सम्बोधन गरिने) र श्री ........................................................................ (यसपछि द्धितीय पक्ष भनी सम्बोधन गरिने) बीच तल उल्लेखित शर्तका अधिनमा रही तपसीलमा उल्लेखित घाँसबालीको उन्नत बीउ प्रथम पक्षले उत्पादन गरी द्धितीय पक्षले खरिद गर्न आज मिति ........................ मा यो सम्झौता गरिएको छ ।

**तपसील**

(१) नेपाल सकारको सम्बन्धीत कार्यालयले सिफारिस गरेको जातको बीउ लगाउनु पर्नेछ ।

(२) उत्पादनको लागि आवश्यक पर्ने मल र श्रोत बीउ तथा अन्य सामाग्रीहरु द्धितीय पक्षले प्रथम पक्षलाई उपलब्ध गराउन पर्नेछ ।

(३) करार भए बमोजिम प्रथम पक्षले उत्पादन गरेको बीउ द्धितीय पक्षले खरिद गर्नेछ । उपरोक्त बीउको खरिद दर संलग्न विवरणमा उल्लेख भए बमोजिम हुनेछ । सझौता अनुसार उत्पादन भएको बीउ प्रथम पक्षले अन्यत्र विक्री गर्न पाइने छैन । तर सम्झौतामा भएको परिमाण भन्दा बढी भएमा अन्यत्र विक्री गर्न प्रथम पक्ष स्वतन्त्र हुनेछ ।

(४) प्रतिुकल मौसमका कारणले जस्तै अनाबृष्टि, बाढीपहिरो, हुरी बतास, अतिबृष्टि आदि जस्ता दैबीप्रकोपबाट प्रथम पक्षले करारपत्रमा तोकिएको परिमाणको बीउ उपलब्ध गराउन नसक्ने भएमा सो को जानकारी द्धितीय पक्षलाई यथाशिघ्र दिनुपर्नेछ ।

(५) घाँसबारी निरिक्षणबाट सिफारिस भएको बालीको बीउलाई परिक्षण गराउने जिम्मेवारी द्धितीय पक्षको हुनेछ । बीउ परिक्षण प्रयोगशालामा गुणस्तर, चिस्यान, भौतिक शुद्धता र उमार शक्ति परिक्षण गराउनु पर्नेछ र सो को नतिजाको एक प्रति प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ । बीउ विजन ऐन, २०४५, बीउ विजन नियमावली, २०५४, मा तोकिएको भन्दा कम गुणस्तरको बीउ खरिद गरिने छैन । राष्ट्रिय बीउ विजन समितिले तोकेबमोजिम स्तरमा आएको बीउ सम्झौता भए अनुसारको सम्पूर्ण परिमाण द्धितीय पक्षले प्रथम पक्षबाट सम्झौतामा तोकिएको मुल्यमा अनिवार्य खरिद गर्नु पर्नेछ ।

(६) सम्झौता अनुसार तोकिएको समय र ठाउंमा घाँसको बीउ कृषकले अनिवार्य रुपमा ल्याउनु पर्नेछ र नल्याएमा सम्झौतामा तोकिएको बीउको मुल्यको ५० प्रतिशत रकम नगदै कृषकले द्धितीय पक्षलाई हर्जाना स्वरुप बुझाउनु पर्नेछ । त्यस्तै गरी द्धितीय पक्षले सम्झौता अनुसारको बीउ अनिवार्य रुपमा तोकिएको समय र स्थानबाट उठाउनु पर्नेछ । बीउ नउठाएमा सम्झौतामा तोएिको बीउको मुल्यको ५० प्रतिशत रकम हर्जाना स्वरुप द्धितीय पक्षले अनिवार्य रुपमा प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।

(७) उपरोक्त बमोजिमका शर्तहरु दुबै पक्षबाट पालना नभई समस्या देखा परेमा र स्थानीयस्तरमा समस्या समाधान हुन नसकेमा द्धितीय पक्षले सम्बन्धित जिल्ला अदालतमा र प्रथम पक्षले द्धितीय पक्ष रहेको जिल्लाको अदालतमा पुर्पक्षका लागि जान सक्नेछन् ।

(८) द्धितीय पक्षले प्रथम पक्षको नियमित रुपमा अनुगमन तथा निरिक्षण गर्नेछ ।

(९) प्रथम पक्षले उत्पादन गरेको बीउ द्धितीय पक्षसम्म ढुवानी गर्नको लागि लाग्ने खर्च आपसी समझदारीमा तय गरिनेछ ।

(१०) द्धितीय पक्षले घाँसेबाली बीमालाई प्राथमिकता दिनु पर्नेछ ।

**सम्झौताको विवरण**

| क्र.सं. | घांसेबाली र जात | परिमाण (किलो) | खरिद दर रु. (प्रति किलो) | बुझाउने मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | जै | | | | |
| २ | बर्सिम | | | | |
| ३ | भेच | | | | |
| ४ | टिओसेन्टी | | | | |
| ५ | सुडान | | | | |
| ६ | बाज्रा | | | | |
| ७ | बहुवर्षिय घांस | | | | |
| | | | | | |

**प्रथम पक्ष (उत्पादक) को तर्फबाट**

सही :

नाम :

पद :

संस्था :

ठेगाना :

फोन नं. :

मिति :

कार्यालयको छाप :

**कार्यालयको तर्फबाट रोहवर**

सही :

नाम :

पद :

संस्था :

ठेगाना :

फोन नं. :

मिति :

कार्यालयको छाप :

**द्धितीय पक्ष (खरिदकर्ता) को तर्फबाट**

सही :

नाम :

पद :

संस्था :

ठेगाना :

फोन नं. :

मिति :

कार्यालयको छाप :

## अनुसूचि ८
## घांसको नर्सरी स्थापना सम्बन्धी व्यवस्था

घांस विकास श्रोतकेन्द्र, कृषक समूह/समिति/सहकारी, घांसेबाली उत्पादक व्यवसायिक कृषकहरुमा घांसको नर्सरी स्थापना गरी बेर्ना/स्लीप उत्पादन गर्नको लागि तपसील बमोजिम कार्यक्रम संचालन गर्न सकिनेछ ।

**संचालन प्रकृया**

१. जिल्ला पशु सेवा कार्यालयको समन्वयमा घांसेवाली उत्पादक व्यवसायिक कृषक/समूह/समिति/सहकारी वा घांस विकास श्रोत केन्द्र भएको स्थानमा उक्त केन्द्रलाई घांसको नर्सरी स्थापनाको लागि छनौट गरिनेछ । यसरी श्रोतकेन्द्र छनौट गर्दा घांसको बेर्ना/स्लीप उत्पादन हुने सम्भाव्यता र नर्सरीको लागि न्यूनतम आवश्यकता पुरा गर्ने समूहलाई मात्र छनौट गर्नुपर्नेछ । स्थानीय आवश्यकता र समूहको दक्षताको आधारमा बहुवर्षीय र डाले घांसको अलग अलग वा दुबै नर्सरी स्थापना गर्न सकिनेछ । उउटा नर्सरीको क्षेत्रफल कम्तिमा २ रोपनीको हुनुपर्नेछ ।

२. उक्त कृषक समूहलाई अन्तरक्रिया गरी अभिमुखिकरण कार्यक्रम संचालन गर्नुपर्नेछ । यसै प्रकृयामा जिल्ला पशु सेवा कार्यालयले समूहसंग डाले घांस वा बहुवर्षिय घांसको नर्सरीबाट वार्षिक बेर्ना/स्लीप उत्पादनको लागि सम्झौता गरिनेछ ।

३. नर्सरी व्यवस्थापन तालिम ३ दिने (स्थलगत तालिम) संचालन गरी कृषकहरुलाई नर्सरीका प्राविधिक र व्यवस्थापकीय पक्ष बारे जानकारी गराइने छ ।

४. नर्सरी स्थापनाको लागि आवश्यक बीउ/बेर्ना/स्लीप/पोलिपट ढुवानी समेतको खर्च कार्यक्रमबाट निशुल्क उपलब्ध गराइनेछ ।

५. नर्सरी संचालन गर्दा आवश्यक मल/औषधि/माइक्रोन्युट्रियन्ट सहकार्यमा उपलब्ध गराइनेछ ।

६. नर्सरी स्थापनाका लागि आवश्यक उत्पादन सामाग्री/सिचाईं सामाग्री/उपकरणहरु सहकार्यमा उपलब्ध गराइनेछ । सहकार्य गर्दा कार्य संचालन प्रकृयामा तोकिए अनुसार गरिनेछ ।

७. यस प्रकृयाबाट नर्सरी स्थापना कार्यक्रम उक्त संस्थालाई एक पटकको लागि मात्र प्रदान गर्ने र त्यस पछि संस्था स्वयं आत्मनिर्भर हुनुपर्नेछ ।

८. नर्सरी स्थापना सम्बन्धी अन्य व्यवस्था पशु सेवा विभागको विदमान नर्मस् बमोजिम संचालन गरिनेछ । कार्यक्रम संचालनका क्रममा दुविधा वा अस्पष्टता आइपरेमा सम्बधित जिल्ला पशु सेवा कार्यालय र राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रसंग समन्वय गरी आवश्यक कार्य गर्ने गराउनु पर्नेछ ।

## अनुसूची ९

## खरिद योजनाको ढाँचा

**घांसेवाली बीउ/विरुवा/सेट्स खरिद तथा वितरण योजना**

| सि. नं. | घांसको प्रकार (हिउँदे/ वर्षे/ बहुवर्षे) | घांसको नाम | खरिद गर्ने परिमाण | इकाई | अनुमानित लागत रु. | खरिद विधि/ प्रकृया | खरिद गर्ने श्रोतको विवरण | | | घांसको बीउमा हुनुपर्ने न्यूनतम गुणस्तर (शुद्धता, चिस्यान, उमार शक्ति ५ मा | घांसको बीउको गुण स्तर परिक्षण गर्ने प्रयोग शाला को नाम र ठेगाना | खरिद गर्ने महिना | वितरण गर्ने महिना | वितरण गर्ने संस्था | केफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | नाम र ठेगाना | सम्पर्क व्यक्ति | सम्पर्क टेलि फोन | | | | | | |
| १ | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

तयार गर्ने :
दस्तखत :
पद :
मिति :

स्वीकृत गर्ने :
दस्तखत :
पद :
मिति :

द्रष्टव्य :

- यस कार्यविधिमा उल्लेख नभएको विषयहरुको हकमा पशु सेवा विभागको मापदण्ड, निर्देशिका, नर्मस् तथा प्रचलित कानुन बमोजिम हुनेछ ।
- सबै कार्यक्रमहरु विनियोजित बजेट र स्विकृत कार्यक्रमको परिधि भित्र रही संचालन गर्नुपर्नेछ ।

# पशु सेवा विभाग अन्तर्गत सञ्चालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७१

**पृष्ठभूमि**

देशको कूल गार्हस्थ उत्पादनको एक तिहाई भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुई तिहाई भन्दा बढी जनसंख्या रोजगारी तथा जिविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण भूमिका रहेको स्पष्ट छ। नेपालमा प्रत्येक बर्ष ४ लाख ५० हजार उत्पादनशिल युवाहरु वैदेशिक श्रम बजारमा प्रवेश हुने गरेका छन् । यसै सन्दर्भमा युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने र कृषि क्षेत्रको व्यावसायिकरणबाट आय आर्जन बढाउने उद्देश्यले युवालक्षित कार्यक्रम अन्तर्गत विशेष पशु उत्पादन (डेरी, बाख्रा, वंगुर र पशु सेवा बजार प्रवर्द्धन) कार्यक्रम सञ्चालनार्थ प्रतिस्पर्धी रुपमा अनुदान प्रवाह गर्न नेपाल सरकारले गत आ.व. २०७०/०७१ देखि युवा लक्षित कार्यक्रम सञ्चालन गरेको र साथै यस आ.व.मा समेत उक्त कार्यक्रमले निरन्तरता पाएको हुँदा सो कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न **"पशु सेवा विभाग अन्तर्गत सञ्चालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१"** तयार गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **"पशु सेवा विभाग अन्तर्गत सञ्चालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१"** रहेको छ।

(ख) यो कार्यविधि कृषि विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२ परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

**क)** **"युवा लक्षित कार्यक्रम"**(Youth Focused Program)भन्नाले युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा बीउ पूँजि सहितको व्यवसायिक पशु उत्पादन (व्यावसायिक गाई भैंसी पालन), व्यवसायिक बंगुर प्रवर्द्धन, बाखा प्रवर्द्धन र पशुपंक्षी बजार प्रबर्द्धन कार्यक्रम भन्ने बुझ्नु पर्छ ।

**ख)** **"युवा"भन्नाले** युवा लक्षित कार्यक्रम संचालन गर्न चाहने १८ देखि ५० बर्ष सम्मका नेपाली नागरिक भन्ने बुझ्नु पर्छ।

**ग)** **"समिति"** भन्नाले जिल्ला कृषि विकास समितिलाई जनाउदँछ ।

**घ)** **"स्कीम/परियोजना"** भन्नाले पशु उत्पादन (व्यावसायिक गाई भैंसी पालन), व्यवसायिक बंगुर प्रवर्द्धन, बाखा प्रवर्द्धन र पशुपंक्षी बजार प्रबर्द्धन कार्यक्रम संचालनको लागि तयार गरिएको प्रस्ताव बुझ्नु पर्छ ।

**ङ)** **"पशु विकास कार्यदल"** भन्नाले जिल्लामा पशु विकास सम्बन्धि कार्यक्रमहरुको पहिचान गरी तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कनका लागि तोकिएबमोजिमका पदाधिकारी रहने गरी गठन भएको कार्यदललाई जनाउछ ।

**३. उद्देश्य:** यस कार्यविधिका उद्देश्यहरु देहाय वमोजिम रहेका छन्:

(क) गाईपालन, भैंसीपालन, बाखापालन, बंगुरपालन तथा पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धी व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने ।

(ख) स्वदेशमा स्वरोजगारका अवसरहरु श्रृजना गरी रोजगारीको लागि विदेशिने क्रम न्यूनीकरण गर्न सहयोग पुऱ्याउने ।

(ग) युवाहरुको आय आर्जनमा टेवा पुऱ्याइ कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

## परिच्छेद- २
## युवा लक्षित विशेष पशु उत्पादन (व्यावसायिक गाई भैंसी पालन) कार्यक्रम

**४. युवा लक्षित विशेष पशु उत्पादन (व्यावसायिक गाई भैंसी पालन) कार्यक्रम सञ्चालन प्रकृया :**

युवा लक्षित विशेष पशु उत्पादन (व्यावसायिक गाई भैंसी पालन) कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

**क)** **स्कीम अवधि :** यो कार्यक्रम नेपाल सरकारले निर्णय गरेबमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।

**ख)** **स्कीमका लागि जिल्ला छनौटका आधारहरु :** व्यवसायिक गाईभैंसीपालनका लागी संभाव्य भएका तराई तथा मध्य पहाडका कृत्रिम गर्भाधान र राष्ट्रिय पशु आहारा विकास अभियान कार्यक्रम लागु भएका जिल्लाहरुमा संभाव्यताको आधारमा पशु उत्पादन निर्देशनालयले जिल्लाहरुको प्राथमिकिकरण गरी जिल्लाहरुको छनौट तथा कार्यक्रम सञ्चालन गर्ने छ । निवेदन दिने फार्महरु जिल्ला पशु सेवा कार्यालय वा सम्बन्धित अन्य निकायमा अनिवार्य रुपमा दर्ता भएको हुनु पर्नेछ ।

**ग)** **व्यावसायिक गाई भैंसी फार्मको बर्गिकरण :** फार्मलाई ३ वर्गमा विभाजन गरिने छ ।

१) **साना व्यावसायिक गाई भैंसी फार्म :** यस कार्यक्रमको लागी ५-१० वटा उन्नत दुधालु गाईपालन वा भैंसीको हकमा न्यूनतम २ देखि ४ वटासम्म उन्नत दुधालु भैंसीपालन गरी दूध उत्पादन व्यवसाय शुरु गरेका फार्महरुलाई मानिने छ ।

२) **मझौलास्तरका व्यावसायिक गाई भैंसी फार्म :** ११ देखि ३० वटासम्म उन्नत दुधालु गाई वा ५ देखि १२ वटासम्म उन्नत दुधालु भैंसीपालन गरी दूध उत्पादन व्यवसाय शुरु गरिरहेका फार्मलाई मानिने छ ।

३) **ठुला व्यावसायिक फार्म :** उन्नत दुधालु गाई ३० भन्दा माथि र उन्नत दुधालु भैंसी १२ भन्दा माथि पालन गरि दुग्ध उत्पादन/प्रशोधन व्यवसाय शुरु गरेका फार्महरुलाई मानिने छ ।

**घ) कार्यक्रमका लागि उपलब्ध गराईने सहयोग**

(१) **साना व्यावसायिक फार्म :** उन्नत गाई भैंसी खरीद गरी विमा गरीएका प्रति उन्नत गाईको लागि बढीमा रु. २०,०००/- ( बिस हजार) का दरले बढीमा रु. २,००,०००/- (दूई लाख) सम्म र प्रति भैंसी रु. ५०,०००/- (पचास हजार) का दरले बढीमा रु. २,००,०००/- (दूई लाख) सम्म नगद अनुदान उपलब्ध गराइने छ ।

(२) **मझौला स्तरका व्यावसायिक गाई भैंसी फार्मको सुदृढीकरणका लागी** तपशिलमा उल्लेखित क्रियाकलापहरु कार्यान्वयन गर्न प्रति फार्म वढीमा रु. ३०००००/-(तिन लाख) सम्म अनुदान उपलब्ध गराइनेछ ।

**कृयाकलापहरु :** फर्म सुदृढीकरणसंग सम्बन्धित कार्यहरु-

- गोठ निमार्ण सुधार तथा फार्म सुरक्षा (वार बन्देज), जैविक सुरक्षा, आदी ।
- पशु प्रजनन्, आहारा तथा अन्य व्यवस्थापकीय कार्य (कृत्रिम गर्भाधान उपकरण, ग्राइन्डर, च्याफकटर, काउम्याट, मिल्क क्यान, व्हील ब्यारो) आदी ।

**अनुदान दिइने आधारहरुः**

- ११–१५ दुधालु गाई वा दुधालु भैंसी ५-६ मा अधिकतम रु. २,२५,०००/-
- १६ –२० दुधालु गाई वा दुधालु भैंसी ७-८ मा अधिकतम रु. २,५०,०००/-
- २१–२५ दुधालु गाई वा दुधालु भैंसी ९-१० मा अधिकतम रु. २,७५,०००/-
- २६-३० दुधालु गाईमा वा ११-१२ दुधालु भैंसीमा अधिकतमरु. ३,००,०००/-

(३) उन्नत दुधालु गाई ३० भन्दा माथी र भैंसी दुधालु १२ भन्दा माथी पालन गरि व्यवसाय गरेका **ठूला व्यावसायिक गाई भैंसी पालन फार्महरुलाई यान्त्रीकरणको** लागि तपशिलमा उल्लेखित मेशिनरी औजार खरिद गर्न प्रति फार्म वढीमा रु. ४,००,०००/ (चारलाख) अनुदान उपलब्ध गराईने छ ।

- ३१–५० दुधालु गाई वा दुधालु भैंसी १३ –२० मा अधिकतमरु. ३,२५,०००/-
- ५१ –७५ दुधालु गाई वा दुधालु भैंसी २१-३० मा अधिकतम रु. ३,५०,०००/-
- ७६–१०० दुधालु गाई वा दुधालु भैंसी ३१-४० मा अधिकतम रु. ३,७५,०००/-
- १०० भन्दा बढी दुधालु गाई वा ४० भन्दा बढी दुधालु भैंसीमा अधिकतम रु. ४,००,०००/-

**फार्म यान्त्रिकरणसँग सम्बन्धित कृयाकलापका लागि आवस्यक मेसिनरी औजारहरु :** मिल्किङ्ग मेशिन/मिल्किङ्ग पार्लर/फोडर/ फोरेज ब्लक मेशिन/यू.एम.एम.बि मेशिन/विद्युतीय फिडर/ वाटरर/मिल्क क्यान/साईलो पिट/डिप वेल, डिप बोरिङ्ग/पाश्चुराईजर/मिल्क एनालाईजर/ फ्रिजर/चिलिङ्ग भ्याट आदी ।

**ङ) प्रस्ताव आव्हान :**व्यक्तिगत रुपमा युवा कृषकले वा साझेदारीमा उन्नत गाई भैंसी फार्महरु साना वा मझौलास्तर फार्म सुदृढीकरण वा ठुला व्यवसायिक फार्ममा यान्त्रिकरणका लागि राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी जिल्ला पशु सेवा कार्यालय पेश गर्ने गरी पशु उत्पादन निर्देशनालयबाट प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची-१ बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा सम्बन्धित निर्देशनालय वा केन्द्रीय कार्यालयहरुले प्रकाशन गर्नेछन् । आवेदन एवँ उपलब्ध गराउनु पर्ने कागजातहरु अनुसूची २ बमोजिम र कार्ययोजना अनुसूची ३ (क) बमोजिमको ढाँचामा हुनु पर्नेछ ।

**च) प्रस्ताव मूल्यांकन :**

(१) प्रस्ताव आव्हान भए बमोजिम निर्धारित मिति र समयभित्रमा पेश हुन आएका प्रस्तावहरुको सूचि सार्वजनिक खरिद ऐन, ऐ.ऐ.नियमावली र प्रचलित आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मुचुल्का वनाई सम्बन्धित जिल्ला पशु सेवा कार्यालयहरुले सिफारिस सहित सो को विवरण पशु उत्पादन निर्देशनालयमा पठाउनु पर्नेछ ।

२) च (१) मा प्राप्त प्रस्तावहरुको प्रारम्भिक छानविन, स्थलगत निरिक्षण तथा अनुसूचिमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागि तपसिल अनुसारको ३ सदस्यीय मूल्यांकन समिति रहने छ ।

**मूल्याङ्कन समितिको बनोट**

१. सम्बन्धित जि.प.से.का. को प्रमुख, संयोजकः १ जना

२. पशु उत्पादन निर्देशनालयको वा पशु उत्पादन निर्देशनालयबाट तोकिएको अधिकृतस्तरको केन्द्रीय प्रतिनिधि, सदस्यः १ जना

३. सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको, युवा लक्षित कार्यक्रम हेर्ने, फोकल अधिकृतः सदस्य सचिवः १ जना

**छ) प्रस्तावहरुको स्वीकृतीः**

१) मूल्यांकन समितिले अनुसूची-५ (क) बमोजिमको ढाँचामा मूल्यांकन गरी छनौट भएका प्रस्तावहरु स्वीकृति/अनुमोदनका लागि पशु विकास कार्यदल/जिल्ला कृषि विकास समितिमा पेश गर्नु पर्नेछ र सो को जानकारी पशु उत्पादन निर्देशनालय र सम्बन्धित केन्द्रिय कार्यालयहरुलाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

२) स्वीकृती/अनुमोदनका लागि पशु विकास कार्यदल/जिल्ला कृषि विकास समितिमा पेश भएका प्रस्तावहरुको सम्बन्धमा कुनै दुविधा भए पशु विकास कार्यदल/जिल्ला कृषि विकास समितिले पशु उत्पादन निर्देशनालयको राय तथा सुझाव लिन सक्ने छ ।

३) पशु विकास कार्यदल/जिल्ला कृषि विकास समितिमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूची-४(क) बमोजिम संझौता गर्ने दायित्व सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको हुनेछ।

## परिच्छेद- ३

## युवा लक्षित व्यावसायिक बाख्रा प्रवर्द्धन कार्यक्रम

### ५. युवा लक्षित बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया

**क) कार्यक्रम संचालन हुने जिल्लाहरुः** केन्द्रीय भेडाबाख्रा प्रवर्द्धन कार्यालयवाट संचालन गरिने कार्यक्रमको लागि पशु उत्पादन निर्देशनालयवाट जिल्लाहरुको छनौट गरिनेछ। जिल्ला पशु सेवा कार्यालयहरुले यस कार्यविधि अनुसार कार्यक्रम स्वीकृत तथा संचालन गर्न सक्नेछन्।

**ख) कार्यक्रम संचालन अवधिः** यो कार्यक्रम नेपाल सरकारले निर्णय गरे बमोजिम अवधिसम्म सञ्चालन हुनेछ।

**ग) व्यावसायिक बाख्रा फार्मको वर्गीकरणः** यस कार्यक्रम अन्तर्गत व्यावसायिक बाख्रा फार्महरुलाई निम्नानुसार वर्गिकरण गरिने छः

**(१) निजी व्यावसायिक बाख्रापालन फार्म** : यस कार्यक्रमको प्रयोजनको लागि न्यूनतम् ५० वटा प्रजनन् योग्य माउ बाख्रापालन गरिरहेका वा सो संख्यामा बाख्रापालन गरी व्यवसाय शुरु गर्ने फार्महरुलाई निजी व्यावसायिक बाख्रा फार्म मानिने छ।

**(२) समुह वा समितिमा संचालन हुने व्यावसायिकबाख्रापालन फार्महरुः** कृषक समुह/समितिमा कम्तिमा ५ जना सदस्य भएको र प्रत्येक कृषक सदस्यसँग औसतमा १० वटा प्रजनन् योग्य माउ बाख्रा भएको वा सो संख्यामा बाख्रापालन गरी व्यवसाय शुरु गर्ने समूह/समिति अन्तर्गतका फार्महरुलाई व्यावसायिक मानिने छ।

**(३) सहकारीमा संचालन हुने व्यावसायिक बाख्रा पालन फार्महरु :** कम्तिमा २५ जना सदस्यहरुले बाख्रापालन गरिरहेको वा सो संख्याका कृषकहरुले बाख्रापालन व्यवसाय शुरु गर्ने र प्रति सदस्य कम्तिमा औषत १० माउ बाख्रा (सहकारीमा कम्तिमा २५० माउ बाख्रा) भएको फार्महरुलाई व्यावसायिक मानिने छ।

**घ) कार्यक्रमबाट उपलब्ध गराइने अनुदान रकम**

(१) निजी व्यावसायिक फार्म स्थापना वा सुदृढिकरणका लागि बढीमा रु. २,००,००० (दुई लाख)

(२) समुह/समितिमा व्यावसायिक बाख्रापालन फार्महरु स्थापना वा सुदृढिकरणका लागि बढीमा रु १,५०,००० (एक लाख पचास हजार)

(३) सहकारीमा व्यावसायिक बाख्रापालन फार्महरु स्थापना वा सुदृढिकरणका लागि बढीमा रु. २,००,००० ( दुई लाख)

*नोट : प्रस्तावकले कम्तिमा अनुदान रकम बराबरको लगानी गर्नु पर्ने छ।*

**ङ) अनुदान रकमको उपयोग :** यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले बाख्राको खोर निर्माण/सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ, डिपिङ ट्याकं, घाँस विकास तथा नर्सरी स्थापना, प्रजनन् बोका खरिद/कृ.ग. व्यवस्थापन वा आवश्यक उपकरण खरिदमा उपयोग गर्न सक्नेछन्। यो रकमबाट बाख्राको दाना, औषधि, खनिज पदार्थ लगायतका खपत हुने सामग्रीहरु खरिद गर्न भने पाइने छैन।

**च) कार्यक्रम संचालन प्रकृया**

**१) प्रस्ताव आव्हान :** निजी फार्म/समुह/समिति/सहकारीमा आवद्ध कृषकहरुवाट सहकार्यमा व्यावसायिक बाख्रा फार्म स्थापना वा सुदृढिकरणका लागि पशु उत्पादन निर्देशनालय वा केन्द्रीय भेडाबाख्रा प्रवर्द्धन कार्यालयबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रस्ताव आव्हान गरिने छ। प्रस्ताव आव्हानको सूचना अनुसूची १ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव क्रमशः अनुसूची २ र ३ (ख) बमोजिम हुने छ।

**झ) प्रस्ताव मूल्यांकन :** (१) प्रस्ताव आव्हान भए बमोजिम निर्धारित मिति र समयभित्रमा पेश हुन आएका प्रस्तावहरुको सूचि सार्वजनिक खरिद ऐन, ऐ.ऐ.नियमावली र प्रचलित आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मुचुल्का बनाई सम्बन्धित जिल्ला पशु सेवा कार्यालयहरुले सिफारिस सहित सो को विवरण केन्द्रीय भेडाबाख्रा प्रवर्द्धन कार्यालय र पशु उत्पादन निर्देशनालयमा पठाउनु पर्नेछ।

२) झ (१) मा प्राप्त प्रस्तावहरुको प्रारम्भिक छानविन, स्थलगत निरिक्षण तथा अनुसूचिमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागि तपसिल अनुसारको ३ सदस्यीय मूल्यांकन समिति रहने छः।

**मूल्याङ्कन समितिको बनोट**

१. सम्बन्धित जि.प.से.का. को प्रमुख, संयोजकः १ जना

२. केन्द्रीय भेडाबाख्रा प्रवर्द्धन कार्यालय वा पशु उत्पादन निर्देशनालयबाट तोकिएको अधिकृतस्तरको केन्द्रीय प्रतिनिधि, सदस्यः १ जना

३. सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको, युवा लक्षित कार्यक्रम हेर्ने, फोकल अधिकृतः सदस्य सचिवः १ जना

**ञ) मूल्यांकनका आधारहरुः**मूल्यांकनका आधारहरु अनुसूचि ५(ख) मा उल्लेख भए अनुसार हुनेछन्।

**ट) प्रस्तावहरुको स्वीकृतीः** १) मूल्यांकन समितिले अनुसूची ५(ख) बमोजिमको ढाँचामा मूल्यांकन गरी छनौट भएका प्रस्तावहरु स्वीकृती/अनुमोदनका लागि पशु विकास कार्यदल/जिल्ला कृषि विकास समितिमा पेश गर्नु पर्नेछ र सो को जानकारी पशु उत्पादन निर्देशनालय र सम्बन्धित केन्द्रिय कार्यालयहरुलाई अनिवार्य रुपमा पठाउनु पर्नेछ।

२) स्वीकृती/अनुमोदनका लागि पशु विकास कार्यदल/जिल्ला कृषि विकास समितिमा पेश भएका प्रस्तावहरुको सम्बन्धमा कुनै दुविधा भए पशु विकास कार्यदल/जिल्ला कृषि विकास समितिले पशु उत्पादन निर्देशनालयको राय तथा सुझाव लिन सक्ने छ।

३) पशु विकास कार्यदल/जिल्ला कृषि विकास समितिमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूची-४(क) बमोजिम संझौता गर्ने दायित्व सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको हुनेछ ।

**परिच्छेद-४**

**युवा लक्षित व्यावसायिक बंगुर प्रवर्द्धन कार्यक्रम**

**६. यूवा लक्षित बंगुर पालन कार्यक्रम संञ्चालन प्रकृया :**

**क) स्कीम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।**

१. **कार्यक्रम संचालन हुने जिल्लाहरु:** प्राथमिकताको आधारमा छनौट गरिने ।

२. **कार्यक्रम संचालन अवधि :**यो कार्यक्रम नेपाल सरकारले निर्णय गरे बमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।

३. **लक्षित वर्ग:** ग्रामिण युवा, रोड कोरिडोर लक्षित र वैदेशिक रोजगारबाट फर्किएका विशेषत सम्बन्धीत काममा दक्षता हासिल गरेका युवाहरुलाई मानव संसाधनको रुपमा रहेका १८ देखि ५० वर्ष उमेर समुहका व्यवसायीहरु । साथै सबै सामाजिक समुहका कृषकहरुलाई प्राथमिकता अनुसार समाबेश गराईने छ ।

**ख) व्यावसायिक बंगुरपालनको वर्गीकरण :** यस स्कीम संचालन गर्नको लागि तपसिलमा उल्लेखित ३ किसिमको बंगुर फार्महरु वर्गिकरण गरिने छः

(१) **साना बंगुरपालन फार्म** : यस कार्यक्रमको प्रयोजनको लागि खोर निर्माण कार्य पुरा गरी बंगुरपालन शुरु गर्न तयारी अबस्थामा रहेको वा पाठापाठी उत्पादन (Breeding) का लागि भए कम्तीमा ५ वटा माउ  र मासु उत्पादन ९Fattening) को लागि भए कम्तीमा १५ वटा बंगुर पालन गर्नु पर्नेछ ।

(२) **मझौला स्तरकावंगुरपालन फार्महरु :**प्रत्येक कृषक सदस्यसँग कम्तीमा  १५ वटा प्रजनन् योग्य माउ बंगुर भएको वा मासु उत्पादनको लागि मात्र भए कम्तीमा ४५ वटा पाठापाठीको संख्यामा व्यवसाय शुरु गरेको  साझेदारी फार्म वा निजी ब्यबसायीहरुलाई मझौला स्तरका ब्यबसायीक फार्महरु  मानिने छ ।

**(३) ठुला व्यवसायिक बंगुरपालन फार्महरु :**प्रत्येक सदस्यसँग कम्तिमा ३० वटा प्रजनन् योग्य माउ बंगुर भन्दा बढि संख्यामा व्यवसाय शुरु गरेको वा मासु उत्पादनको लागि मात्र भए कम्तीमा ६० वटा पाठापाठीको संख्यामा व्यवसाय शुरु गरेका निजी फार्म वा साझेदारी फार्महरुलाई व्यावसायिक बंगुर पालन फार्म मानिने छ ।

**ग) कार्यक्रमबाट उपलब्ध गराइने रकम**

(१) व्यवसाय उन्मुख(साना)बंगुरपालन फार्मस्थापना वा सुदृढिकरणको लागि बढिमा रु. १,००,००० (एक लाख) मात्र एक पटक ।

(२) निजी वा साझेदारी अर्धव्यवसायिक (मझौला स्तरका) वंगुरपालन फार्महरु सञ्चालन र सुदृढिकरणका लागि बढिमा रु. १,२५,०००(एक लाख पच्चीस हजार) मात्र एक पटक  ।

(३) निजी वा साझेदारी व्यवसायिक (ठुला) वंगुरपालन फार्महरु सञ्चालन र सुदृढिकरणका लागि बढिमा रु. १,५०,०००(एक लाख पचास हजार) मात्र एक पटक ।

**घ) रकमको उपयोग :** १) यस कार्यक्रमबाट उपलब्ध गराईने रकमले साना बंगुरपालन फार्मले बंगुरको प्रजनन योग्य उमेरका निर्देशित बंगुरहरु खरिद गर्नु पर्ने छ। यो रकमबाट बंगुरको भाले खरिद, खोर निर्माण सुधार तथा खर्च भएर नजाने उपकरण सामाग्री आदिमा खर्च गर्न पाइने छ।

२) यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट मझौला बंगुरपालन फार्मले बंगुरको प्रजनन योग्य उमेरका निदेशीत बंगुरहरु खरिद गर्नु पर्ने छ । यो रकमबाट बंगुरको भाले, खोर निर्माण तथा सुधार ,बंगुरको लागि उपयोग हुने खर्च भएर नजाने उपकरण सामाग्री आदिमा मात्र खर्च गर्नु पाइने छ ।

३) यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायिक बंगुरपालन फार्मले बंगुरको प्रजनन योग्य उमेरका निर्देशीत बंगुरहरु खरिद गर्नु पर्ने छ। यो रकमबाट बंगुरको खोर मर्मत सम्भार दाना उत्पादन गर्ने ग्रेण्डर मिक्चर र बायो ग्यासमा खर्च गर्न पर्ने छ।

**ङ) प्रस्ताव आह्वान् :** प्रत्येक वर्ष निजी  वा साझेदारी  व्यावसायिक बंगुर फार्महरुबाट अनुसूची-१ अनुसार प्रस्ताव आह्वान गरिने छ । उक्त प्रस्तावको आह्वान केन्द्रीय बंगुर कुखुरा प्रवर्द्धन कार्यालय हरिहरभवनवाट हुनेछ । ईच्छुक यूवाहरुले निवेदनको साथमा अनुसूचि-३(ग) बमोजिमको कार्ययोजना सहित प्रस्तावमा संलग्न हुनु पर्ने कागजात अनुसूची-२ अनुसार पेश गर्नुपर्नेछ ।

**च) प्रस्ताव मूल्यांकन :**

(१) प्रस्ताव आव्हान भए बमोजिम निर्धारित मिति र समयभित्रमा पेश हुन आएका प्रस्तावहरुको सूचि सार्वजनिक खरिद ऐन, ऐ.ऐ.नियमावली र प्रचलित आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मुचुल्का वनाई सम्बन्धित जिल्ला पशु सेवा कार्यालयहरुले सिफारिस सहित सो को विवरण केन्द्रीय वंगुर कुखुरा प्रवर्द्धन कार्यालय र पशु उत्पादन निर्देशनालयमा पठाउनु पर्नेछ ।

२) च (१) मा प्राप्त प्रस्तावहरुको प्रारम्भिक छानविन, स्थलगत निरिक्षण तथा अनुसूचिमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागि तपसिल अनुसारको ३ सदस्यीय मूल्यांकन समिति रहने छः।

**मूल्याङ्कन समितिको बनोट**

१. सम्बन्धित जि.प.से.का. को प्रमुख, संयोजकः १ जना

२. केन्द्रीय बंगुरकुखुरा प्रवर्द्धन कार्यालयले तोकेको अधिकृतस्तरको प्रतिनिधि, सदस्यः १ जना

३. सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको, युवा लक्षित कार्यक्रम हेर्ने, फोकल अधिकृतः सदस्य सचिवः १ जना

**छ) मूल्यांकनका आधारहरुः**मूल्यांकनका आधारहरु अनुसूचि-५(ग) मा उल्लेख भए अनुसार हुनेछन् ।

**ज) प्रस्तावहरुको स्वीकृतीः**

१) मूल्यांकन समितिले अनुसूची ५(ख) बमोजिमको ढाँचामा मूल्यांकन गरी छनौट भएका प्रस्तावहरु स्वीकृती/अनुमोदनका लागि पशु विकास कार्यदल/जिल्ला कृषि विकास समितिमा पेश गर्नु पर्नेछ र सो को जानकारी पशु उत्पादन निर्देशनालय र सम्बन्धित केन्द्रिय कार्यालयहरुलाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

२) स्वीकृती/अनुमोदनका लागि पशु विकास कार्यदल/जिल्ला कृषि विकास समितिमा पेश भएका प्रस्तावहरुको सम्बन्धमा कुनै दुविधा भए पशु विकास कार्यदल/जिल्ला कृषि विकास समितिले पशु उत्पादन निर्देशनालयको राय तथा सुझाव लिन सक्ने छ ।

३) पशु विकास कार्यदल/जिल्ला कृषि विकास समितिमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूची-४(क) बमोजिम संझौता गर्ने दायित्व सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको हुनेछ ।

## परिच्छेद-५

## युवा लक्षित पशुपंक्षी बजार प्रबर्द्धन कार्यक्रम संचालन कार्यबिधि २०७१

### ७. युवालक्षित पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया :

क) पशुपंक्षी बजार प्रबर्द्धन निर्देशनालय/क्षेत्रिय पशु सेवा निर्देशनालय/जिल्ला पशु सेवा कार्यालय ले स्विकृत बार्षिक कार्यक्रम अनुसार राष्ट्रिय स्तरको पत्रिका तथा आफ्नो वेव साईटमा पशुजन्य उत्पादनहरुको बजार प्रबर्द्धन गर्न प्रथम चौमासिक अवधि भित्र ३५ दिनको सूचना प्रकाशन गरी तपसिल बमोजिमको क्रियाकलाप सञ्चालनको लागि प्रस्ताव माग गर्नेछ ।

१. चिलिंग भ्याट स्थापना तथा सञ्चालन
२. डेरी पसल निर्माण/सुधार
३. मासु पसल निर्माण/सुधार
४. छाला संकलन
५. स्थानिय स्तरमा जुत्ता तथा छालाका सामाग्रीहरु उत्पादन
६. स्थानिय स्तरमा भेंडाको ऊन प्रशोधन तथा सामाग्री उत्पादन
७. विविध पशुजनय उत्पादनहरुको बजारीकरण सम्बन्धि कार्यक्रमहरु

ख) सूचना प्रकाशन भए पश्चात ईच्छुक बेरोजगार यूवाहरुले अनुसुची २ अनुसारको निवेदन अनुसुचि ३(घ) बमोजिम व्यावसायिक प्रस्ताव पशुपंक्षी बजार प्रबर्द्धन निर्देशनालय/क्षेत्रिय पशु सेवा निर्देशनालय/जिल्ला पशु सेवा कार्यालयमा पेश गर्नु पर्नेछ ।

ग) प्रस्ताव पेश गर्दा अनुसुचि २ अनुसारका कागजातहरु अनिवार्य रुपमा समावेश हुनु पर्नेछ ।

घ) स्विकृत बार्षिक कार्यक्रम बजेटमा उल्लेखित लक्षको आधारमा सार्जजनिक निजी साझेदारीमा अनुदान बितरण गरिनेछ ।

ङ) प्राप्तहुन आएका प्रस्तावहरु अनुसुचि ५ (घ) को आधारमा छनौट र स्विकृत गरिनेछ ।

च) प्रस्ताव स्विकृत भए पश्चात प्रस्तावक संग अनुसुचि ४(क) अनुसार द्धिपक्षिय सम्झौता गरिनेछ ।

छ) कार्य प्रगति र सम्बन्धित कार्यालयको प्राविधिक प्रतिवेदन सन्तोषजनक ठहरेमा अनुदान रकम २ किस्तामा उपलब्ध गराईनेछ । पहिलो ५० प्रतिसत रकम सुरुको ५० प्रतिसत कार्य समाप्त भए पछी र बाँकीको ५० प्रतिसत रकम कार्य सम्पन्न भए पछी उपलब्ध गराईनेछ वा सम्भौता मुताविकका सम्पूर्ण काम सम्पन्न भैसके पश्चात आवश्यक कागजात र बिल भर्पाईको आधारमा एकमुष्ट भुक्तानि दिईनेछ ।

**ज) छनौट बिधि**

प्राप्त प्रस्तावहरु छनौट गर्न तपशिल अनुसारको छनौट समिति गठन गरिने छ ।

| | |
|---|---|
| सम्बन्धित कार्यालय प्रमुखले तोकेको अधिकृत : | संयोजक |
| सम्बन्धित कार्यालयको योजना शाखा हेर्ने पदाधिकारी: | सदस्य |
| सम्बन्धित कार्यक्रम हेर्ने पशु सेवा विभाग, योजना शाखा | सदस्य |
| अधिकृत प्रतिनीधि सम्बन्धित अन्य सरकारी निकायः | सदस्य |
| अधिकृत प्रतिनिधी केन्द्रीय निकाय (आवस्यक ठानिएमा): | सदस्य |

झ) छनोट समितिले नियमानुसारको रित पुर्याई प्रस्तावहरु मध्येबाट अनुसुचि ५(घ) को आधारमा अनुदानका लागी उपयुक्त प्रस्तावहरुको छनौट गर्नेछ । प्रस्ताव छनौटको क्रममा प्रस्तावक हरुको समान अंक हुन आएमा पहिले दर्ता भएको प्रस्तावकलाई छनौट गरिनेछ ।

ञ) छनौट समितिमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूची-४(ख) बमोजिम संझौता गर्ने दायित्व सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको हुनेछ ।

## विविध

८. **अनुगमन तथा मुल्याकंन:** कृषि विकास मन्त्रालय, पशु सेवा विभाग, क्षेत्रीय पशु सेवा निर्देशनालयहरुबाट आवश्यकता अनुसार एवँ सम्बन्धित निर्देशनालय र जिल्ला पशु सेवा कार्यालयहरुबाट नियमित अनुगमन गरिनेछ र सो को लिखित प्रतिवेदन समेत पेश गरिनेछ ।सम्बन्धित युवा उद्यमीले अनुसूची-६ बमोजिम चौमासिक तथा वार्षिक प्रगति विवरण तयार गरी पेश गर्नु पर्नेछ ।

९. **कार्वाहीको व्यवस्था :** प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्किम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन, नियम तथा कानुन बमोजिम कारवाही गरीसरकारी रकम असुल उपर गरिनेछ ।

१०. **प्रचलित कानुन लागु हुने :**युवा लक्षित कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

११. **कार्यविधि संशोधन तथा परिमार्जन :** कृषि विकास मन्त्रालयले यस कार्यविधिमा आवश्यक परिमार्जन एवँ संशोधन गर्न सक्नेछ ।

१२. **विमा :** हरेक युवा लक्षित स्किम अन्तर्गत पशुहरुको अनिवार्य रुपमा पशु विमा गराउनु पर्नेछ ।

१३. **खारेजी तथा बचाउ :**

क) युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० र युवा लक्षित पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम, कार्यविधि, २०७० खारेज गरिएको छ ।

ख) युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० बमोजिम भए गरेका काम कार्यवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची – १

## पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि युवा लक्षित कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

.........................**कार्यालय**

**युवालक्षित कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति :** ............

यस कार्यालयको आ.व. २०...../...../...... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई **पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन**सम्बन्धि कार्यक्रमको माध्यमबाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक १८ देखि ५० वर्ष उमेरमा अर्धवेरोजगार/बेरोजगार युवाहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरीएको छ । प्रस्तावक यूवा वा साझेदारी फार्महरुले सरकारी निकायवाट विगत २ आर्थिक वर्ष सम्ममा नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेका फार्महरु छनौट प्रकृयामा समावेस हुने छैनन् । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ । पुनश्च : आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्वारा सुचित गरिन्छ ।

**तपसिल**

१. अनुसूची २ अनुसारको आवेदन फाराम

२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि) को प्रतिलिपीहरु

**अनुसूची - २**

**पशु उत्पादन (गाई भैंसी पालन) /बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र**

श्रीमान् कार्यालय प्रमुखज्यू,
जिल्ला पशु सेवा कार्यालय
......................

**विषय : युवा लक्षित अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने बारे ।**

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ................................... कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु ।

पुनश्चः तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

**<u>तपसिल</u>**

१. अनूसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३. फर्म/समुह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी वा व्यक्तिगत कृषक
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि) को प्रतिलिपीहरु
५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोर्टको प्रतिलिपि
६. परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्ताव
७. पर्यावरणीय असरको न्यूनीकरण गर्ने उपाय र जैविक सुरक्षा सम्बन्धि विवरण
८. समुह/समिति/सहकारीका सदस्यहरुको परियोजना पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता

**<u>निवेदकको</u>**

नामः
दस्तखत :
संस्था/व्यक्तिः
ठेगानाः

**अनुसूची – ३ (क)**

**पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रवर्द्धन/बाख्रा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्ययोजना**

**युवा लक्षित विशेष पशु उत्पादन (व्यावसायिक गाई भैंसी पालन) कार्यक्रम**

युवा/साझेदारी व्यावसायिक फार्मको नाम : सम्पर्क नम्बरः

ठेगानाः गाउं/टोल वडा नं. गा.वि.स.

जिल्ला :

गाईभैंसी पालन गरिने स्थान :

**युवा/साझेदारी व्यावसायिक गाई भैंसी पालन संचालन गरिने कार्य विवरणः**

| क.सं. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु.) | नीजि लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

युवा/साझेदारी व्यावसायिक विशेष पशु उत्पादन व्यावसायिक कार्य गर्ने व्यावसायीले न्यूनतम अनुदान रकम बराबरको रकम प्रस्तावित योजनामा समावेस गर्नु पर्ने छ।

गाई भैंसी पालन गरेको भए, विगत कति वर्षदेखि गाई भैंसीपालन निरन्तर गरिरहेको ?

वर्ष.........महिना.........

गाई/भैंसीको जातः

गाई/भैंसीको संख्याः राँगा साँढेको संख्याः

गाईभैंसी पालन पद्धतिः

घाँस खेती गरेको/गरिने क्षेत्रफलः

घाँसको किसिमः

डाले घाँसको किसिम र संख्याः

व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारीकः महिला संख्याः पुरुष संख्याः

ख) बाहिरबाट : महिला संख्याः पुरुष संख्याः

ग) जम्मा : महिला संख्याः पुरुष संख्याः

उत्पादित वस्तुको बजार :

अपेक्षित वार्षिक प्रतिफल :

**युवा/साझेदारी व्यावसायी फार्मको सञ्चालकको तर्फबाट सहि गर्नेको :**

नाम : संस्थाको छापः

पद :

दस्तखत : मिति :

अनुसूची – ३ (ख)

**पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्ययोजना**

**व्यावसायिक बाखा फार्म प्रवर्द्धन कार्यक्रम**

१. व्यावसायको परिचय

२. उद्देश्यहरु

३. बाखापालन व्यवसायमा अनुभव

४. व्यवसाय संचालन गरिने स्थानको संक्षिप्त विवरण

५. व्यावसाय संचालनका लागि रहेका पूर्वाधारहरु

६.सहकार्यमा संचालन गरिने प्रस्तावित कार्य विवरण

| क.सं. | संचालन गरिने कियाकलाप | अनुदान सहयोग | निजी लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |

नोट : सहकार्यमा बाखापालन गर्ने फर्म/समुह/समिति/सहकारीले न्यूनतम अनुदान रकम वरावरको रकम प्रस्तावित योजनामा समावेस गर्नु पर्ने छ ।

७. उत्पादित वस्तुको बजार योजना

८. अपेक्षित वार्षिक प्रतिफल

प्रस्ताव पेश गर्ने

फर्म/समुह/समिति/सहकारीको नाम : सम्पर्क नम्वरः

ठेगानाः गाउं/टोल वडा नं. गा.वि.स. जिल्ला

बाखा पालन गरिने स्थान :

फर्म/समुह/समिति/सहकारीको तर्फ बाट सहि गर्नेको

नाम : संस्थाको छापः

पद :

दस्तखत : मिति :

**अनुसूची – ३ (ग)**

**पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रवर्द्धन/बाख्रा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्ययोजना**

**युवा लक्षित व्यावसायिक बंगुरपालन कार्यक्रम**

फार्म/साझेदारी फार्म नाम : सम्पर्क नम्वरः

ठेगानाः गाउं/टोल वडा नं. गा.वि.स. जिल्ला

बंगुरपालन गरिने स्थान :

सहकार्यमा संचालन गरिने कार्य विवरणः

| क.सं. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | निजि लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सहकार्यमा बंगुरपालन गर्ने व्यावसायि/साझेदारी फार्म न्यूनतम अनुदान रकम वरावरको रकम प्रस्तावित योजनामा समावेस गर्नु पर्ने छ।

बंगुरपालन गरेको भए विगत कति वर्ष देखि बंगुरपालन निरन्तर गरि रहेको हो ? वर्ष.........महिना....... बंगुरका जातहरुः

बंगुरको संख्याः माउको संख्याः पाठापाठीको संख्याः प्रजनन भालेको संख्याः

अन्य बंगुरको संख्याः

बंगुरपालन सुरु गर्ने भए पालन गरिने जातः

बंगुरको संख्याः प्रजनन भालेको संख्याः मासुको लागि पालन गर्ने भएमा संख्याः

खोरको अवस्था क) परम्परागत ख) सुधारिएको ग) आधुनिक

व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारिक ख) वाहिरवाट ग) दुवै

उत्पादित वस्तुको बजार :

अपेक्षित वार्षिक प्रतिफल :

निजी फार्म/साझेदारी फार्मको तर्फवाट सहि गर्नेको

नाम :

पद :

दस्तखत :

मिति :

संस्थाको छापः

**अनुसूची - ३ (घ)**

**पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रवर्द्धन/बाख्रा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्ययोजना**

**युवा लक्षित पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम**

| | | | | |
|---|---|---|---|---|
| १ | प्रस्तावकको नाम र ठेगाना, टेलिफोन नं. | | | |
| २ | प्रस्तावकको फर्म भए दर्ता नम्बर | | | |
| ३ | दर्ता भएको कार्यालय र मिति | | | |
| ४ | भ्याट / पान दर्ता नम्बर | | | |
| ५ | शैक्षिक योग्यता | | | |
| ५.१ | तालिमको किसिम र अवधि | | | |
| ६ | बिदेशमा काम गरेर फर्केको भए काम गरेको देश | | | |
| ७ | बिदेश बसेको अवधि | | | |
| ८ | पासपोर्ट नम्बर | | | |
| ९ | हाल पेश गरेको प्रस्तावको नाम | | | |
| ११ | प्रस्ताव कार्यन्वयन हुने स्थलको ठेगाना | | | |
| १२ | उद्देष्यहरु | | | |
| | | | | |
| | | | | |
| १३ | प्रस्तावित कार्यक्रमबाट हासिल हुने प्रमुख ५ उपलब्धिहरु | | | |
| | | | | |
| | | | | |
| १४ | प्रस्तावित योजना कार्यन्वयन गर्ने स्थानमा बिद्यमान भौतिक पूर्वाधारहरु | | | |
| | सडक छ/छैन | | नजिकको बजारको नाम | |
| | कच्चि/पक्कि | | दुरी | |
| | बिजुली छ/छैन | | सदरमुकाम देखिको दुरी | |
| | पानीको व्यवस्था | | | |
| | प्रत्यक्ष लाभान्वित संख्या | | | |
| १५ | लक्षित समुदाय तथा परिवार संख्या | | | |
| १६ | सम्पन्न गर्ने कार्यक्रमहरुको बुंदागत बिवरणहरु | | | |
| | | | | |
| | | | | |
| | | | | |
| १७ | कुल अनुमानित कार्यक्रम बजेट | | | |
| १८ | प्रस्तावकले थप गर्ने बजेट | | | |
| १९ | योजना समाप्ति पश्चात हासिल हुने ५ उपलब्धिहरु बुंदागत रुपमा सम्भव भए परिमाण खुलाउने | | | |
| | क्र.सं | उपलब्धिहरु | | |
| | १ | | | |
| | २ | | | |

माथि उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छु , कहिं कतै झुठो ठहरिएमा कानुन बमोजिम सजाय भोग्न तयार समेत रहेको ब्यहोरा अवगत गरांउछु /छौं ।

| **प्रस्तावक को नाम र हस्ताक्षर** | **ठेगाना** |
|---|---|
| संस्था/पद: | मिति: |

## अनुसूची - ४ (क)

**पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम संचाालनको लागि गरिने सम्झौता-पत्र**

पशु सेवा विभाग/पशु उत्पादन निर्देशनलय/पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयद्धारा पशु सेवा कार्यालय, ...................... मार्फत संचालन गरिने चालु आ.व. ............. को स्वीकृत लक्षित ................... कार्यक्रमसंचालन गर्न जिल्ला पशु सेवा कार्यालय, (यस भन्दा पछाडी पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका युवा कृषक श्री/सुश्री/श्रीमती ............................................. (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा/कार्यविधि अनुसार सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप उपलब्ध गराउने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको .............................. व्यवसाय सञ्चालन गर्नेछ ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नरेको अनुगमन गर्नेछन् ।

४. गाई भैंसी/बंगुर/बाखापालन गर्ने व्यवसायी कृषकहरुले पशु विमा अनिवार्य गर्नुपर्ने छ ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुने छैन ।

६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| **पहिलो पक्ष** | **दोश्रो पक्ष** |
|---|---|
| जि.प.से.का.को तर्फबाट सहि गर्नेको | युवा उद्यमी वा संस्थाको तर्फवाट सहि गर्नेको |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| सम्पर्क फोन नं.: | सम्पर्क फोन नं.: |
| कार्यालयको छाप : | संस्थाको छाप |
| | औठाको छाप : |
| | दायाँ बायाँ |

## अनुसूची – ४ (ख)

पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालय/क्षेत्रिय पशु सेवा निर्देशनालय/जिल्ला पशु सेवा कार्यालय को आ.व. ................ को स्वीकृत युवा लक्षित कार्यक्रम सञ्चालन गर्नको लागि मिति .................. को राष्ट्रिय स्तरको पत्रिका ............................मा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये मिति ........................मा बसेको छनौट समितीको बैठकबाट श्री ................................ को प्रस्ताव छनौट भएको हुंदा पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालय/क्षेत्रिय पशु सेवा निर्देशनालय/जिल्ला पशु सेवा कार्यालय, .........................(यस पछि प्रथम पक्ष भनिने) र श्री ..................................... (यस पछी दोश्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरु पालना गरी ....................................कार्यक्रम संचालनका लागी द्विपक्षिय सम्झौता गरी बुझिलियौं/दियौं ।

### तपशिल

१. प्रस्तावित ...................... कार्यक्रम जिल्ला .................... गा.वि.स. ...................वडा नं. ..........टोलको ................ भन्ने ठाउँमा मिति .................. सम्ममा सम्पन्न गरिनेछ ।

२. प्रथम पक्षले सुरुमा कार्यक्रम सन्चालानार्थ स्विकृत कार्यक्रम अनुसार स्वलगानीमा ५० प्रतिसत कार्य सम्पन्न गरे पश्चात पहिलो किस्ता बापतको ५० प्रतिसत रकम भुक्तानीको लागि बिल भरपाई पेश गर्नु पर्नेछ र सो अनुसार मनासिब ठहरेमा प्रथम पक्षले दोश्रो पक्षलाई पहिलो किस्ता बापतको रकम भुक्तानी दिने छ र दोश्रो किस्ता बापतको बांकी ५० प्रतिसत रकम कार्य सम्पन्न पश्चात भुक्तानी दिईने छ वा कार्य सम्पन्न भए पश्चात आवस्यक कागजातहरु पेश गरी एकमूष्ठ भुक्तानी दिन सकिनेछ ।

३. कार्यक्रम सम्पन्न भए पश्चात नेपाल सरकारको नियमानुसार ब्यवसाय दर्ता गरी प्रमाणपत्र लिने, मूल्य अभिवृद्धी कर (VAT) दर्ता प्रमाणपत्र वा स्थायि लेखा नम्बर (PAN)प्रमाणपत्र लिने जस्ता कार्यहरु समयमै सम्पन्न गर्नु पर्ने छ ।

४. प्रस्तावित योजना सम्पन्न भए पश्चात मर्मत सम्भार लगाएतका सम्पूर्ण कार्यहरुको जिम्मेवारी एवं दायित्व दोश्रो पक्षको हुनेछ ।

५. प्रस्तावित कार्यक्रम स्थल ५ बर्ष अगावै सम्झौता मुताविकको भन्दा अन्यत्र सारिने छैन तथापि काबु बाहिरको अवस्थामा स्थानान्तरण गर्नु परेमा प्रथम पक्षको लिखित स्विकृती अनिवार्य रुपमा लिनु पर्नेछ ।

६. दोश्रो पक्षले कारणबस प्रस्तावित कार्यक्रम बन्द गरेमा प्रथम पक्षले उपलव्ध गराएको अनुदान रकमबाट खरिद गरिएको उपकरण फिर्ता लिन सक्नेछ ।

७ प्रस्तावित कार्यक्रम सन्चालन गरिएको थलोमा ठेगाना तथा सहयोगी निकायको नाम उल्लेखित बोर्ड राख्ने कार्य दोश्रो पक्षले अनिवार्य गर्नेछ ।

८. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) प्रगति विवरण लगायत अन्य तथ्यांकहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

९. सम्झौता मुताविकको कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा संझौता भंग गरी दोश्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बांकी सरह असुल उपर गर्न सक्नेछ ।

१०. प्रथम पक्षको तर्फबाट कुनै पनि समयमा हुने कार्यकमको निरीक्षण/अनुगमन, तालिम भ्रमणमा सहयोग गर्नु दोश्रो पक्षको दायित्व हुनेछ ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित नियम कानुन र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

नोटः सम्झौताका बुंदाहरु आवश्यकता अनुसार थपघट वा परिमार्जन गर्न सकिनेछ ।

| **दोस्रो पक्षको तर्फवाट** | **प्रथम पक्षको तर्फवाट** |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| ठेगाना | पदः |
| **कार्यालयको छापः** | **कार्यालयको छापः** |
| साक्षिः | साक्षिः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| ठेगाना | पदः |

*इति सम्वत ..................साल .................... महिना ..........गते रोज .......... शुभम् ।*